वि.सं. २०८० असोज, नेपाल संवत् ११४३ गुँलाथ्व:-चलाथ्व:, September-October 2023

# मुना

वर्ष ३३ • अङ्क १० • पूर्णाङ्क ३९०

**भक्तबहादुर थापा**
नि. सम्पादक

**लक्ष्मी खतिवडा**
सह-सम्पादक

**राजेन्द्र श्रेष्ठ**
साजसज्जा

**सानुराम दाहाल**
आवरण पृष्ठ

**सुनीलबहादुर खत्री**
शुद्धाशुद्धि

**रेखादेवी श्रेष्ठ**
उत्पादन

**गङ्गबहादुर पन्थी**
व्यापार

**भगीरथ बस्नेत**
वितरण व्यवस्था

कार्यकारी अध्यक्ष विष्णुप्रसाद सुवेदी तथा महाप्रबन्धक लालबहादुर ऐरीद्वारा गोरखापत्र संस्थानका लागि मुद्रित तथा प्रकाशित ।

**मूल्य** एकप्रतिको रु. १५।-
वार्षिक रु. १५०।-

## विषयसूची

- भेडाको सालिक – १६
- बालश्रम मुक्त पालिकामा बजेट – २२
- कोइलीको बच्चा – ३०
- भविष्य बनाउँदै गुल्सन – ५६
- घमण्डको नतिजा – ६०

## कोपिला

- बुनुको कपाल – १४
- मेरो देश – १७
- कसले बनायो बा ? – २३
- रमाइलो मुना – ५९

साथै नियमित स्तम्भ र प्रतियोगिता

## कार्यालय ठेगाना

गोरखापत्र संस्थान
धर्मपथ, काठमाडौं
पो.ब.नं. २३
फोन नं. ४२५०२७२
विज्ञापन : ४२२७४९३
वितरण : ४२२०६३८
गोरखापत्र क्षेत्रीय कार्यालय विराटनगर
प्रदेशस्तरीय कार्यालयहरू :
कोहलपुर, हेटौँडा, जनकपुर, पोखरा, सुर्खेत, बुटवल र धनगढी
Web-site, www.gorkhapatra.org.np
Email, munamonthly@gmail.com

# मुनालाई पत्र




## म मुनाको नियमित पाठक हुँ

म मुनाको नियमित पाठक हुँ। मलाई यसमा प्रकाशित सामग्री धेरै नै मन पर्छ। म मात्र मुनाको नियमित पाठक होइन मेरो बाबा पनि ३० वर्षदेखि नियमित मुना किताब पढ्ने गर्नुहुन्थ्यो रे। अहिले पनि यसो नियालिरहनु हुन्छ उहाँले। दरबार हाइस्कुलमा कक्षा ४ मा पढ्दा उहाँले जन्मदिनको फोटो र केही सामग्री पठाउनुभएको थियो। मुना प्रकाशनमा त्यो सामग्री छापिएर आएपछि धेरै खुसी हुँदै स्कुलभरिका साह्रा शिक्षकलगायत साथीलाई देखाउँदै खुसी साट्नुभएको थियो रे। त्यस्तै कहानीहरू मलाइ सुनाउँदै उहाँले नै मलाई मुना पढ्न प्रेरित गर्ने गर्नुभएको थियो। त्यसैले म पनि मुनाको नियमित पाठक भएकी छु।

**आकृति अर्याल**
**बालबालिका बोर्डिङ स्कुल**
**कक्षाः ४, बुढानीलकण्ठ, काठमाडौँ।**

## आहा बुक फ्री फ्राइडे

मुना मासिकको भदौ अङ्क निकै राम्रो लाग्यो। सबैभन्दा राम्रो त काठमाडौँ महानगरपालिकाभित्रका विद्यालयमा सञ्चालन भएको बुक फ्री फ्राइडेका बारेमा पढ्न पाउँदा खुसी लाग्यो। हामी जस्ता साना साना बालबालिकाले पनि पढाइसँगै सिप सिक्ने अवसर पाए जीवनमा पढाइसकेपछि पनि हामीले धेरै कुरा सिक्न र व्यवहारमा उतार्न सक्छौँ। यो कुरा देशभरिका अन्य विद्यालयमा पनि लागु हुनु पर्छ। देशभरिका सबै विद्यार्थीले उक्त सिप सिक्ने अवसर पाउनु पर्छ

## जन्मोत्सव

पासपोर्ट साइजको फोटो

नाम ...........................................

विद्यालय ...........................................

जन्ममिति ...........................................

ठेगाना ...........................................

जस्तो मलाई लागिरहेको छ। बुक फ्री फ्राइडे भन्नासाथ दिमागमा पढ्न नपर्ने, झोला लैजान नपर्ने, गृहकार्य गर्न नपर्ने भएपछि मन पनि खुसी हुने नै भयो।

**समीक्षा तिमिल्सिना**
**नेरिक स्कुल**
**कक्षाः ७, शङ्खमूल काठमाडौँ।**

## साना खेलाडी उज्ज्वल हाम्रा प्रेरणा

मुनाको भदौ अङ्कमा प्रकाशित अब्बल उज्जवलका बारेमा पढ्न पाउँदा आनन्द लाग्यो। कम उमेरमा नै खेलकुदमा लाग्यो भने शारीरिक विकास हुन्छ। मान्छे अनुशासित बन्छ। खेलमा हुने सानोतिनो जितले पनि उच्च मनोबल बढाउँछ भन्ने मान्यता छ। त्यो सबै उज्ज्वलको खेल जीवन पढेर थाहा भयो। उहाँले त स्कुले जीवनमा नै तीन वटा अन्तर्राष्ट्रिय खेलमा प्रतिस्पर्धा गरेको सुन्दा खुसी लाग्यो। तेक्वान्दो र मलखलमा उहाँ निकै तेज हुनुहुँदो हरेछ। तेक्वान्दो खेलमा उहाँले हालसालै रजत पदक पनि प्राप्त गरेर देशको नाम उच्च पार्नुभएको रहेछ। अर्को त्यति प्रचलनमा नआएको खेल भए पनि उहाँको कला कौशल ठुलो कुरा हो। जुन निकै कठिन खेल पनि रहेछ। यसरी मुनामा उहाँका बारेमा जान्न पाउँदा निकै खुसी लाग्यो।

**सरोज भट्टराई**
**टङ्गाल माध्यमिक विद्यालय**
**कक्षाः ८, टङ्गाल, काठमाडौँ।**

## हस्तलेखन मन पर्छ

मुनामा आउने हस्तलिखित सामग्री हेरेर मलाई निकै प्रेरणा मिलेको छ। थरीथरीका कविता धेरै साथीले मुनामा छपाउँदा हस्तलेखनका स्वरूपहरू पनि फरक फरक प्रकृतिका हुने रहेछन्। आफूलाई पनि कसरी हस्तलेखन राम्रो बनाउने भन्ने रुचि बढ्दै जाने रहेछ। हस्तलेखनमा टाढा टाढाका जिल्लाबाट पनि साथीहरूले लेख्नुभएको देख्दा झन् खुसी लागेको छ। यो स्तम्भ अत्यन्तै राम्रो छ।

**सरस्वती चौधरी**
**आदर्श बाल विकास मावि**
**कक्षाः ९, लमजुङ।**

## मुना सप्तरङ्गी फूलबारी

मुनामा धेरै सामग्री एकैसाथ  पढ्न पाउँदा खुसी लाग्छ। मैले खिचेको फोटो, स्रष्टा संवाद, हस्तलेखन, कविता, कथा, अनुभवजस्ता सामग्रीले बालबालिकाको लेखन संस्कृति बढाएको छ। पठन संस्कृति बढाएको छ। बालबालिकालाई केही लेख्न र नयाँ कुरा गर्न प्रेरित पनि गरेको छ। मुनामा प्रकाशित धेरै स्तम्भमध्ये चित्रकथा हरिशरण ढुङ्गाना र राजेश मानन्धर सरले बनाउनुभएको चित्र झनै  प्रेरणादायी छ। आउने दिनमा पनि यसरी नै ज्ञानवर्द्धक कुरा पढ्न पाइयोस् भन्ने हाम्रो शुभेच्छा छ। तर कतिपय स्तम्भहरु भने नियमित छैनन्। जस्तै परदेश ज्यादै नै उपयोगी थियो तर अचेल प्रकाशित हुँदैन। परदेशमा हामीले विदेशको जनसंख्या, भाषा, मुद्रा, भूगोल, छिमेकी मुलुकहरुका बारेमा पढ्न पाउथ्यौँ तर त्यस्तो जानकारीमूलक स्तम्भलाई पुनः प्रकाशित गरी हामीजस्ता विद्यार्थीहरुको आग्रहलाई पुनः स्थान दिनुहुनेछ भन्ने लागेको छ।

**शैलेश कर्माचार्य**
**जनज्योति मावि**
**कक्षाः ६, चितवन**

## लेख तथा रचनाबारे भाइबहिनीमा सूचना

मुना मासिक पत्रिकाले ससाना भाइबहिनीका कथा, कविता, स्केच, यात्रा संस्मरणलगायतका सिर्जना प्रकाशन गर्दै आएको छ। गोरखापत्र संस्थानको प्रकाशन मुनाले यसमा भाइबहिनीकै सिर्जनालाई प्राथमिकता दिएको जानकारी गराउन चाहन्छौँ। मुना पत्रिकाको उद्देश्य पनि भाइबहिनीलाई लेख्नमा उत्प्रेरित गर्ने र सिर्जनशील बनाउने हो। र, भाइबहिनीलाई यस्ता सिर्जना पठाउन पनि अनुरोध गर्दछौँ।

munamonthly@gmail.com
पठाउनु होला

**–सम्पादक**





लक्ष्मी खतिवडा

> सहभागी अधिकांश बालबालिका नेपाल नआए पनि देखेको, परिवारमा कुरा गर्दा सुनेको तथा मनभित्रैबाट आफ्नो देशको माया लागेका कारण नेपालका बारेमा सबै कुरा जान्न उत्साहित देखिन्थे ।

# बेलायतमा नेपाली कला



*यो मनमै छ नेपाल*
*यो मुटुभरि नेपालको माया*
*हिमाल झैँ अटल*

भूगोलले टाढा भए पनि आफ्नो देशप्रतिको माया र सम्झना यसरी नै कसैले कवितामार्फत कसैले गीतमार्फत त कसैले नृत्य र अभिनयमार्फत बेलायतमा बसोबास गर्दै आएका नेपाली बालबालिकाले नेपाली कला, संस्कृतिको विविधतालाई मन छुने गरी प्रस्तुत गरे ।

नेपाली भाषा, कला र संस्कृतिको संरक्षण तथा प्रवर्धन गर्ने उद्देश्यले नेपाली बालबालिकाका लागि बेलायतमा आयोजित सांस्कृतिक कार्यक्रम प्रतिभा नक्षत्र–२०२३ मा सहभागीहरूले आआफ्नो समूहतर्फ प्रतिस्पर्धा गरेर पुरस्कृत हुने अवसर पनि पाए ।

छ वर्षदेखि १२ वर्षसम्मको समूह अन्तर्गत भएको प्रतिभा नक्षत्र– २०२३ को स्पर्धामा गृष्मा खड्का पहिलो विजेता, आभा अधिकारी दोस्रो र आश्रिया सुवेदीले तेस्रो स्थान हासिल गरेका थिए। यसै गरी १३ वर्षदेखि



कार्यक्रममा सबैको आकर्षण बनेकी थिइन सानी पाँच वर्षकी नानी ग्लोरिया रेनार । उनी निकै राम्रो लयमा नेपाली बोल्छिन भने धेरै नृत्य गर्न पनि सिपालु छिन् । उनलाई नेपालको बारेमा धेरै कुराहरु जानकारी रहेछ । उनलाई नेपाली खाना, नेपाली चौबन्दी चोली, टीका अति नै मन पर्ने रहेछ । उनले कार्यक्रममा मीठो लयमा नेपालीभाषामै आफनो परिचय दिइन । उनको बाबा अष्ट्रियाको नागरिक भए पनि आमा नेपाली भएकाले नेपालको बारेमा धेरै कुराहरुमा रुचि राख्ने उनको बानी रहेछ । अष्ट्रियादेखी बेलायतमा भएको कार्य्रक्रममा आफ्नो प्रस्तुती देखाउन पाउँदा उनी झन खुशि थिइन । घरमा आमासँगै नेपाली भाषामै कुरा गर्न मन पराउने ग्लोरिया पटक पटक नेपाली गीत गाउन भनेर आफै स्टेजमा पुग्थिन र माइक मागेर बोलिहल्थिन । नेपालको पशुपतिनाथ, लुम्विनी, मुक्तिनाथको बारेमा आफूलाई धेरै कुरा थाहा भएको र नेपालको धेरै माया लाग्ने पनि उनले सुनाइन ।

१६ वर्षसम्मका समूह अन्तर्गत इसानी बराइली पहिलो विजेता, रिया गिरी दोस्रो र सुनिता लामिछानेले तेस्रो स्थान हासिल गरे ।

आयोजक संस्था प्रतिभा नक्षत्रले दुवै समूहतर्फ पहिलो, दोस्रो र तेस्रो हुनेलाई क्रमशः छ सय पाउन्ड, पाँच सय पाउन्ड र चार सय पाउन्ड नगद पुरस्कार प्रदान गरेको थियो ।

कार्यक्रममा सहभागी हुन बेलायत तथा युरोपका विभिन्न देशबाट आएका २२ जना बालबालिकाले नेपाली भाषा, कला र विशाल संस्कृतिलाई गीत, सङ्गीत, नृत्य, गायन, चित्रमार्फत तथा विभिन्न किसिमका नेपाली लोकबाजा बजाएरसमेत आआफ्नो प्रतिभा प्रस्तुत गरेका थिए ।

सहभागी अधिकांश बालबालिका नेपाल नआए पनि देखेको, परिवारमा कुरा गर्दा सुनेको तथा मनभित्रैबाट आफ्नो देशको माया लागेका कारण नेपालका बारेमा सबै कुरा जान्न उत्साहित देखिन्थे । विद्यालयमा आआफ्नो देश अनुसारको भाषा बोलिने कारण नेपाली भाषामा बोलीको लय कति पनि मिल्दैनथ्यो तर पनि उनीहरू तोते बोलीमै भए पनि जानी नजानी नेपाली भाषामै बोलेर प्रतिस्पर्धामा उत्रिए ।

बेलायतमा चार वर्षसम्म लगातार आयोजना गरिएको उक्त सांस्कृतिक कार्यक्रममा उपस्थित बालबालिकालाई नेपाल र नेपाली संस्कृतिको पहिचान दिलाउन प्रतिभा नक्षत्रका परिकल्पनाकार राजेन्द्र खसले कार्यक्रममा यस वर्ष कुमारीको प्रदर्शन, लाखेनाच,



नौमतीबाजा, पञ्चैबाजा, धिमेबाजालगायतका विभिन्न सांस्कृतिक झाँकीको प्रदर्शनी गरिएको बताउनुभयो । साथै बालबालिकालाई थप जानकारी होस् भन्ने उद्देश्यले, कार्यक्रमस्थलमा थारू, मगर, गुरुङ, नेवार, बाहुनलगायतका विभिन्न जातजातिको पहिचान झल्किने पहिरन तथा सामग्रीसमेत राखिएको थियो ।

विदेशी भूमिमा हुर्किरहेका नेपाली बालबालिकाका लागि नेपाली भाषा, कला र संस्कृतिको जानकारी दिने तथा सरंक्षण र संवर्धनसँगै पुस्तान्तरणको लागिसमेत कार्यक्रम प्रेरणादायी भएकाले सहभागी बालबालिकासमेत निकै उत्साहित देखिन्थे । ■



म को हुँ
मै हुँ मानिस मानिसहरू बीच
लोभ लालच अनुभव गराउने ।
मै हु उनीहरूलाई
मेरो अभावमा रुवाउने ।
म नै हुँ संसारभरिकालाई
व्यापारमा चलाउने ।
सोच्नुसु त
थाहा पाउनु भए जस्तो छ ?
म को होला ?
ए तिमी शीला, अहो हरिमाया
होइन होइन म कुनै शीला हरिमाया होइन
म त कुनै निर्जीव वस्तु हो
जसले तपाईं अरु वस्तु किन्नु हुन्छ ।

म त सुटकेसभित्र बसेर संसार
घुम्न परे हजुर
म नभइकन कहाँ बन्थ्यो होला र
पशुपतिको गजुर
कुनै पनि कुरा आँटिसकेपछि सक्दैनन्
म विना गर्न पूरा
म कसैसँग थोरै हुन्छु त कसैसँग धेरै ।
म जति नै जोसँग भए पनि कोही सन्तुष्ट छैनन् ।
यहाँ म सँग ।

म धनीको घर धेरै वास बस्छु
गरिबकोमा भन्दा
मानिसहरू सबै खुशी हुन्छन्
मैलाई फर्काइ फर्काइ गन्दा
म विना गरिबको छैन ऐश आराम
सबै पाउँछन् धनी ऐश
म भन्दैछु अब म को होला ?
थाहा पाउनु भयो कि छैन
म हुँ पैसा ।

इशा अर्याल
***कक्षाः १०, इडन इङलिस स्कुल***
***बुटवल-११, नहरपुर ।***

# यस्ता पो दाजुभाइ

लोकबहादुर कार्की
*कक्षा: ८*
*समाज सुधार मावि*

एकादेशमा एउटा गाउँमा दाइ र भाइ थिए। दाइको नाम मदन र भाइको नाम सुदन थियो। उनीहरू सँगै स्कुल जान्थे, खेल्थे अनि एक अर्कालाई पढाइमा सहयोग पनि गर्थे। उनीहरूको मेलमिलाप देखेर गाउँका मानिसहरू भन्थे, "दाजुभाइ हुनु त मदन र सुदन जस्ता।"

एक दिन सुदन आफ्नो साथीसँग घर जाँदै थियो। त्यही बेला एक जना साथीले भन्यो, "ए! मैले गाँजा ल्याएको छु। आज शिवको प्रसाद लिनुपर्छ।" सुदनले भन्यो" 'गाँजा खान हुँदैन किनभने यसले हानि गर्छ।" तर सुदनले भनेको कुरा उनीहरूले मानेनन्।

त्यही बेला बाटो परेर चार/पाँच जना गाउँले मदनको घर भएर खेत जाँदै थिए। त्यही बेला उनीहरूले सुदनको साथीहरूले गाँजा खाएको देखे र सुदनको घर गएर दाजु मदनलाई कुरा लगाइदिए। अनि सुदन घर जाँदा मदनले सोध्यो, "के तिमी गाँजा खान्छौ?" सुदनले केही बोलेन। यो देखेर मदनले रिसले कराएर सोध्यो। सुदनलाई पनि रिस उठ्यो र दुई भाइको धेरै बेर झगडा पर्‍यो।

केही समयपछि उनीहरूका मामा उनीहरूको घर आउनुभयो। अनि "के भयो?" भनेर सोध्नुभयो, "तिमीहरू साह्है मिल्थ्यौ, के भयो भन?" सुदनले भन्यो, "हेर्नू न मामा, मैले गाँजा खाएकै छैन, त्यत्तिकै गाँजा खाएको भनेर दाइ झगडा गर्नुहुन्छ।"

मदनलाई लाग्यो कि सुदनले अझै झुट बोलिरहेको थियो। त्यसैले मदनले करायो, 'अझै खाएको छैन रे। कति नभाको' कुरा गरेको त? देख्ने गाउँका मान्छेले मलाई नभने जस्तो। यसरी भनाभन हुँदा दुई भाइको फेरि झगडा पर्‍यो। अनि मामाले दुवैलाई चुप लगाएर सोध्नुभयो, "के कुरा भएको थियो, ल भन त?' त्यसपछि सुदनले सबै कुरा एक/एक गरी भन्यो। मामाले बल्ल कुरा बुझ्नुभयो र भन्नुभयो, "सुन मदन, सुदनको केही दोष छैन। सुदन निर्दोष छ।" मामाले सबै कुरा मिलाएर बुझाएपछि बल्ल दुई भाइको चित्त बुझ्यो र उनीहरू चुप लागेर बसे र उनीहरूलाई व्यर्थैमा झगडा गरेझैं लाग्यो। यही भएर साथीहरू कुरा नबुझीकन कसैलाई केही दोष लगाउनुहुन्न। धन्यवाद। ■



"सुन मदन, सुदनको केही दोष छैन। सुदन निर्दोष छ।' मामाले सबै कुरा मिलाएर बुझाएपछि बल्ल दुई भाइको चित्त बुझ्यो र उनीहरु चुप लागेर बसे र उनीहरुलाई व्यर्थैमा झगडा गरेझैं लाग्यो। यही भएर साथीहरु कुरा नबुझीकन कसैलाई केही दोष लगाउनुहुन्न।




## सामुदायिक विद्यालय

# अब्बलमध्ये एक 'विश्व निकेतन'

> शिक्षक दरबन्दी मात्रै होइन विद्यार्थीको अनुपातमा कक्षाकोठाको पनि अभाव छ जसका कारण एउटै कक्षामा ६८ जनासम्म विद्यार्थी राख्नु परेकाले त्यसतर्फ पनि सम्बन्धित निकायले ध्यान दिन आवश्यक छ ।



शर्मिला पाठक

सबै विद्यार्थी र अभिभावकको चाहना हुन्छ– 'कम शुल्कमा गुणस्तरीय शिक्षा लिने ।' यस्तो सुविधा त्रिपुरेश्वरस्थित विश्व निकेतन माध्यमिक विद्यालय दिन सफल भएको छ । यसमा विश्व निकेतन नमुना साबित पनि भएको छ । अभिभावक र विद्यार्थीको आवश्यकता र माग अनुसार अघि बढ्दा अहिले विद्यालयमा विद्यार्थीको भिड थेगी नसक्नु छ । विद्यार्थीको भिड त्यत्तिकै भएको होइन, त्यहाँ अब्बल र गुणस्तरीय शिक्षा प्राप्त गर्न सकिने विश्वासले नै हो । र, अहिले यो विद्यालयमा अङ्ग्रेजी माध्यममा मात्रै अध्ययन अध्यापन हुँदै आएको छ ।

हाल उक्त विद्यालयमा आधारभूत कक्षा (ECD) देखि माध्यमिक तह १२ सम्म चार हजार दुई सय विद्यार्थी अध्ययन गर्दछन् । त्यो सामुदायिक विद्यालयको उल्लेख्य विद्यार्थी सङ्ख्या हो । अहिले यस विद्यालयमा कुनै पनि कक्षामा भर्ना गर्न स्थान छैन । प्रधानाध्यापक हेरम्बराज कँडेलका अनुसार सबै कक्षा पूर्ण रूपमा भरिएका छन्, नयाँ भर्नाका लागि स्थान छैन ।

प्रधानाध्यापक हेरम्बराज कँडेलले भन्नुभयो, "यस विद्यालयमा कार्यरत ९० प्रतिशत शिक्षक कर्मचारीका आफ्ना बालबालिका यस विद्यालयमा नै पढाउने गरेका छन् ।" उहाँले आफ्ना बालबालिका पनि यहींबाट अध्ययन गरेको बताउँदै भन्नुभयो, "प्रायः सबै साथीले आफ्ना छोराछोरी बोर्डिङ स्कुलमा नलगेर यही अध्ययन गराउँदा यहाँको आकर्षण थप बढेको छ ।"

त्यसै गरी यस विद्यालयमा जीवनोपयोगी र प्रयोगात्मक शिक्षामा जोड दिने गरेका छौं, यसले पनि आकर्षण थपेको हो उहाँले भन्नुभयो । यस विद्यालयमा शिक्षकको अनुपस्थितिमा कुनै पनि कक्षा खाली भएर विद्यार्थीले पढ्न नपाउने अवस्था हुँदैन प्रत्येक कक्षामा राखिएका विषयगत मनिटरले कक्षालाई पूर्णता दिन्छन् ।

गत वर्ष २६९ जनाले एसइई दिएकामा सबैभन्दा कम पनि १.८ जिपिए छ । भर्खरै प्रकाशन भएको कक्षा १२ को परीक्षाफलमा पनि ऐतिहासिक नतिजा हात परेको प्रअ कँडेल बताउनुहुन्छ । उहाँले खुसी हुँदै भन्नुभयो, "कक्षा १२ मा अन्त धेरै विद्यालयको को रिजल्ट बिग्रिएर आउँदा यस विद्यालयमा समग्रमा ९३ प्रतिशत बालबालिका राम्रो नतिजाको साथ उत्तीर्ण भएका छन् । यो हाम्रो लागि सफलता हो ।"

हाल यस विद्यालयमा ५८ जना सरकारी अनुदानमा कार्यरत शिक्षक रहनुभएको छ भने निजी स्रोतबाट समेत गरी १४५ शिक्षक कर्मचारी कार्यरत हुनुहुन्छ । विद्यार्थीको चापका कारण अहिले कक्षा १० मा पाँच वटा सेक्सन (समूह) बनाएर पठनपाठन भइरहेको छ ।

### विद्यालयको ऐतिहासिक अवस्था

विसं २००३ माघ १९ गते स्थापना भएको यस विद्यालयको आफ्नै इतिहास छ । तत्कालीन शिक्षाप्रेमी स्व. नरमान श्रेष्ठले न्युरोडको यङ्गालस्थित आफ्नै घरको एउटा कोठामा छ जना विद्यार्थीबाट सुरु गर्नुभएको यस विद्यालयले अहिलेको अवस्थासम्म आइपुग्दा निकै नै उतारचढावको सामना गर्नु परेको विगतले देखाउँछ ।



> "यस विद्यालयमा जीवनोपयोगी र प्रयोगात्मक शिक्षामा जोड दिने गरेका छौं, यसले पनि आकर्षण थपेको हो । यस विद्यालयमा शिक्षकको अनुपस्थितिमा कुनै पनि कक्षा खाली भएर विद्यार्थीले पढ्न नपाउने अवस्था हुँदैन प्रत्येक कक्षामा राखिएका विषयगत मनिटरले कक्षालाई पूर्णता दिन्छन् ।



सञ्चलानको छ वर्षपछि वि. सं. २००९ बाट त्रिपुरेश्वरमा हाल विद्यालय रहेको स्थान वंशीघाटबाट पठनपाठनलाई निरन्तरता दिइएको हो । स्वर किन्नरी तारादेवी, वरिष्ठ गायक प्रेमध्वज प्रधान, केदारभक्त माथेमा, डा. रामशरण महत, डा. अरुण सायमि, कामपाको पूर्वप्रमुख विद्यासुन्दर शाक्य, सचिव गोकर्णमणि दुवाडीले पनि यसै विद्यालबाट माध्यमिक शिक्षा हासिल गर्नुभएको बताइएको छ ।

त्यसै गरी फुटबल खेलाडीहरू पनि यस विद्यालयले उत्पादन गरेको छ । धेरै जसो पूर्वविद्यार्थी निजामती क्षेत्रमा छन् साथै चिकित्सक बनेर पनि यहाँको उत्पादनले देशको सेवा गरिरहेका छन् ।

यसरी लामो इतिहास बोकेको र देशलाई आवश्यक पर्ने जनशक्ति जन्माएको यस विद्यालयलाई विसं २०५० को दशकमा भने विद्यार्थी सङ्ख्या घटेर निकै नाजुक अवस्थाको सामना गर्नु परेको थियो । विसं २०४५ तिर दुई हजार दुई सय विद्यार्थी पुगेका विद्यार्थी घटेर नौ सयमा आएपछि घट्नुका कारण के भन्ने सन्दर्भमा पूर्वविद्यार्थी र सरोकारवाला निकायसँग छलफल गर्दा समयको माग अनुसार सञ्चालन गर्न नसक्नु भन्ने निष्कर्षकै आधारमा सुधारको पाटो अपनाएर अहिलेको अवस्थामा आइपुगेको भनाइ प्रअ कँडेलको छ । अङ्ग्रेजी माध्यममा अध्ययन गराउने

### कामपाको पहिलो विद्यालय

अङ्ग्रेजी माध्यममा पठनपाठन गर्ने पहिलो सामुदायिक विद्यालय विश्व निकेतन रहेको प्रअ कँडेलको दाबी छ । २०५६ सालबाट नै अङ्ग्रेजी माध्यममा पठनपाठन

सुरु गर्दा कामपाका अन्य सामुदायिकमा सुरु नभएको उहाँको दाबी छ । प्रारम्भमा कक्षा १, २ र ३ मा अङ्ग्रेजीमा कक्षा सुरु गरिएको हो ।

सोही समयबाट नै विद्यार्थी पढ्न थाले पनि अङ्ग्रेजी नै मुख्य जड रहेछ भन्ने भान भएपछि क्रमिक रूपमा सबै कक्षामा अङ्ग्रेजी माध्यम गरिएको थियो । विसं २०६० को दशकबाट भने क्रमिक रूपमा विद्यार्थी बढ्न थाले अहिले यस विद्यालयमा अनिवार्य विषय नेपाली र सामाजिकबाहेक कुनै पनि कक्षा नेपालीमा पठनपाठन हुँदैन ।

### चुनौती

विसं २०७४ र २०७५ मा यस विद्यालयले राष्ट्रिय शिक्षा पुरस्कार प्राप्त गरेको स्मरण गर्दै प्रअ कँडेलले विगतका यी र यस्तै सफलतालाई बचाइराख्नु अबको मुख्य चुनौती रहेको बताउनुभयो । त्यस्तै विद्यालयमा विद्यार्थीको अनुपातमा शिक्षक दरबन्दी कम रहेको भन्दै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गोपाल श्रेष्ठले वैज्ञानिक रूपमा आवश्यक दरबन्दी थपिदिन आग्रह गर्नुभयो ।

“शिक्षक दरबन्दी मात्रै होइन विद्यार्थीको अनुपातमा कक्षाकोठाको पनि अभाव छ जसका कारण एउटै कक्षामा ६८ जनासम्म विद्यार्थी राख्नु परेकाले त्यसतर्फ पनि सम्बन्धित निकायले ध्यान दिन आवश्यक छ,” अध्यक्ष श्रेष्ठले भन्नुभयो ।

### विद्यार्थी सङ्ख्याको आधारमा दरबन्दी मिलान गर्दै कामपा

विद्यालयले विद्यार्थी सङ्ख्यको आधारमा शिक्षक आवश्यक भनिरहँदा यता काठमाडौँ महानगरपालिका शिक्षा विभागले पनि कामपाभित्रका ८९ वटै सामुदायिक विद्यालयमा दरबन्दी मिलानको काम गर्न लागिएको जनाएको छ । विभागका प्रमुख सीताराम कोइरालाले हाल कामपाले सामुदायिक विद्यालयले दरबन्दी मिलानको काम अघि बढाउन लागेको भन्दै उक्त समयमा भरसक विश्व निकेतन विद्यालयलाई दरबन्दी पठाउने प्रयास गरिने जानकारी दिनुभयो ।

दरबन्दी मिलानको क्रममा उक्त विद्यालयमा दरबन्दी पठाउन नसके पनि आवश्यक अनुदान दिएर भए पनि सहयोग गर्ने बताउनुभयो । हाल प्रचलित शिक्षा ऐन, २०२८ ले गरेको व्यवस्था र कामपाको शिक्षा ऐन, २०७५ तथा विद्यालय व्यवस्थापन नियमावली, २०७४ ले गरेका प्रावधान अनुरूप विद्यालयहरू सञ्चालनमा छन् । चालु आर्थिक वर्षमा कामपाले समग्र शिक्षाका लागि एक अर्ब ३२ करोड नौ लाख ३३ हजार रुपियाँ विनियोजन गरेको छ । ■

कविता

# ज्येष्ठ नागरिकलाई सम्मान

*राख्नु पर्छ आफैँसँग*
*मिठो मसिनो खाई*
*सम्मान गर्नु पर्छ सधैँ*
*ज्येष्ठ नागरिकलाई*

*स्वर्ग हुन्छ वृद्धलाई*
*आफ्नै घरको छानो*
*बेसहारालाई मात्र*
*वृद्धा आश्रम लानु*

*कमजोर हुन्छ शरीर*
*उमेर बढ्दै जाँदा*
*घरभित्र बाहिर गर्दा*
*हुन सक्छ बाधा*

*फर्किएर बोल्नु हुन्न*
*चित्त दुख्न सक्छ*
*कोमल हुन्छ मन उनको*
*आँसु बग्न सक्छ*

*बोझ होइनन् ज्येष्ठ नागरिक*
*सम्मान गरी हेरौँ*
*उनीहरूलाई हेप्ने सोच*
*आजैबाट त्यागौँ*



सदीक्षा बेल्बासे
***कक्षाः ५, अवेरनेस इन्टरनेसनल एकेडेमी***
***शङ्खमूल, काठमाडौं***

# सुनौलो भविष्य



अनुस्मा राजोपाध्याय
***कक्षाः १०, गोदावरी रेसिडेन्सियल स्कुल***
***ललितपुर***

*अमूल्य जीवन हो विद्यार्थी जीवन*
*जहाँ बनाउन सिकिन्छ भविष्यको भवन ।*

*जहाँ हुन्छन् कार्य अनगिन्ती*
*तर दिइन्छ हामीलाई हाम्रै कल्याणका निम्ति ।*

*हाँसी, खुसी बिताउनु पर्छ विद्यार्थी जीवन*
*खेल्नु पर्छ र महसुस गर्नु पर्छ चिसो पवन ।*

*हरेक पाइला सचेत भएर चाल्नु पर्छ*
*विद्याको संसारमा मन मस्तिष्क झुल्नु पर्छ ।*

*हरेक घण्टा हुन्छ त्यत्तिकै नै महत्त्वपूर्ण*
*एक मनुष्य ज्ञानका कारण हुन्छ सम्पूर्ण ।*

# म फुल्ने छु



*कलिलै छु कोपिला म अहिले*
*फक्रेर फूल हुन्छु ।*
*बालविकासमा पढी लेखीकन*
*सर्वोच्च शिखर छुन्छु ।*

*इज्जत राख्ने गुरुबा, गुरुआमाको*
*जाँदैनन् कहिलै खेर ।*
*उहाँकै आशिष शिरमा राखीकन*
*कहाँ पुग्छु पछि हेर ।*

*गर्नु हुन्न अपराध जानी जानी कहिल्यै*
*यी होइनन् राम्रा बानी ।*
*यस्तै बानी रही रहे हामीमा*
*यसले गर्ने छ ठुलो हानि ।*

*असल ज्ञानी बन्ने हो जीवनमा*
*अरू चाहना छैनन् केही*
*सम्मान गरे बाबाआमा र ठुलाको*
*स्वर्ग भेटिन्छ त्यहीँ ।*

आकृति अर्याल
***कक्षाः ४, बालविकास बोर्डिङ हाईस्कुल***
***बुढानीलकण्ठ, काठमाडौँ***

# रमाइलो संसार



रामप्रसाद आचार्य

## २९० करोड वर्ष पुरानो हिमनदी

दक्षिण अफ्रिकाको सुनखानीमा संसारकै सबैभन्दा प्राचीन हिमनदी फेला परेको छ। यो हिमनदी दुई अर्ब ९० करोड वर्ष पुरानो हो। आम रूपमा हिमनदी । ध्रुवीय क्षेत्र वा हिमाली क्षेत्रमा हुने गरेकोमा दक्षिण अफ्रिकाको समतल क्षेत्रस्थित सुनखानीभित्र हिमनदीका अवशेष फेला पर्नु आश्चर्यको विषय बनेको छ।

यो हिमनदीको अध्ययन गर्न वैज्ञानिकले दक्षिण अफ्रिकाको उत्तरपूर्वमा अवस्थित पोङ्गोला सुपरग्रुपको सुनखानीमा गहिरो भागबाट माटो निकालेर परीक्षण गरेका थिए। परीक्षणका क्रममा त्यहाँ भेटिएको चट्टान ३२० करोडदेखि २८० करोड वर्ष पहिलेको भएको पुष्टि भयो। त्यसअघि पनि केही वैज्ञानिकले सो क्षेत्रमा प्राचीन हिमनदीका प्रमाण पत्ता लगाए पनि त्यसको उमेर पत्ता लाग्न सकेको थिएन।

वैज्ञानिकका अनुसार यो पृथ्वीको सबैभन्दा पुरानो चिसो क्षेत्र भएको प्रमाण पनि हो। यसबाट पृथ्वीको सुरुवाती अवस्थाको मौसम, पर्यावरण तथा जलवायु परिवर्तनका विषयमा ज्ञान तथा बुझाइमा विस्तार हुने र अध्ययनको नयाँ अध्याय सुरु हुने छ।

## सात दिनसम्म रुने युवक




एक जना नाइजेरियाली युवक गिनिज बुकमा नाम लेखाउन लगातार सात दिनसम्म रोएका छन्। जसका कारण उनले आँखाको गम्भीर समस्या भोग्नु पर्‍यो तर विडम्बना उनको नाम गिनिज बुकमा लेखिएन।

युवक टेम्बु एबेरेले सबैभन्दा लामो समयसमम आँसु बगाएर रुने विश्व कीर्तिमान बनाउने कोसिस गरिरहेका थिए। यसका लागि उनले पूरै एक सातासम्म रुने कोसिस गरे र पूरै सात दिनसम्म रोइरहे तर त्यसको नतिजा सुखद निस्किएन। उनले केही समयका लागि आँखा नै देख्न छाडे भने टाउको दुख्ने अनि अनुहार र आँखासमेत सुन्निएर चिन्नै मुस्किल हुने जस्तो भए।


उनले भने, "मैले आँसु बगाउने काम रोक्नु पर्‍यो किनभने यस क्रममा मैले गम्भीर स्वास्थ्य समस्यासँग जुध्नु पर्‍यो। म ४५ मिनेटका लागि आंशिक रूपमा दृष्टिविहीनसमेत बनें। सुन्निएको आँखाको भाग अहिलेसम्म ओर्लिएको छैन।"

उनको नाम गिनिज बुकमा दर्ता भएन किनभने उनले यसका लागि आवेदन नै गरेका थिएनन्।

# ५१ करोडमा बिक्यो पत्र

एक जना किशोरी दुलहीका लागि लेखिएको एक रोमान्टिक पत्र ५१ करोड रुपियाँमा बिक्री भएको छ। अमेरिकाका दोस्रो राष्ट्रपति जोन एडम्सले सन् १८२४ को डिसेम्बर १४ मा लेखेको पत्र यति मूल्यवान् बनेको हो। उनले आफ्नो पारिवारिक सम्बन्ध भएका एक मित्रकी छोरीको बिहेमा सहभागी भएको अवसरमा ती किशोरी बेहुलीका लागि शुभकामना र सम्झनाका लागि लेखेका थिए यो पत्र। सो परिवारले यो पत्र पछिल्लो दुई सय वर्षदेखि कतै सार्वजनिक नगरी सुरक्षित रूपमा राखेको थियो।

यो पत्र जोन एडम्सले छिमेकी किशोरी तथा बेहुली एलेन मारिया ब्रेकेटलाई लेखेका थिए। मारिया र उनका पतिको वैवाहिक सम्बन्ध गाँसिएकोमा आफूखुसी भएको पत्रमा उल्लेख गरेका छन्। जोन एडम्स बेहुलीका छिमेकी रहे पनि बिहेको दिनमा भने आफ्ना मित्र जर्ज पिटर र एक जना रोबिन्सन नामकी महिलासँगै बेहुलाको तर्फबाट विवाहमा उपस्थित भएका थिए।



आफूले नयाँ जोडीलाई जीवन, प्रेम र सम्मान दिने पनि उनले पत्रमा उल्लेख गरेका छन्। साथै उनले आफूलाई बेहुलीको सच्चा मित्र भन्दै पत्रमा हस्ताक्षर गरेका छन्।

# भाइरस खाने जीव

वैज्ञानिकले भाइरस खाने जीव पत्ता लगाएका छन्। अमेरिकाको युनिभर्सिटी अफ नेब्रास्का लिङ्कनका वैज्ञानिकले भाइरसलाई नष्ट गर्ने यस्तो जीव पत्ता लगाएका हुन्। यसले भाइरसलाई नियन्त्रण गर्न भविष्यमा यो जीवको प्रयोग गर्न सकिने छ। सफा पानीमा पाइने यो सूक्ष्म जीव विश्वमै हालसम्म पाइएको यस्तो जीव हो जसले केबल भाइरस मात्र खाएर आफ्नो पेट भर्दछ। यसको खाना भन्नु नै केबल भाइरस मात्रै हो।

यो जीवको नाम हाल्टेरिया हो। यो प्रोटिस्टा वर्गका पर्दछ। यसले आफ्नो कपालजस्तै पातलो सुँड पानीमा लहराउँछ र त्यसैले भाइरस पक्रिन्छ र खान्छ। प्रयोगशालामा यो जीवले क्लोरोभाइरस खाएको छ, जुन निकै ठुलो अर्थात् ब्याक्टेरियाकै आकारको भाइरस हो। भाइरसलाई खाएर नै हाल्टेरियाले विश्वभरका पानीका स्रोतमा आफ्नो सङ्ख्या बढाइरहेको वैज्ञानिक बताउँछन्। रोचक के छ भने क्लोरोभाइरसलाई खाइसकेपछि हाल्टेरियाले आफ्नो शरीरलाई टुक्रा टुक्रा पार्दछ र ती हरेक टुक्राबाट नयाँ हाल्टेरिया पैदा हुन्छन्।

# संसारकै लामो रेलमार्ग

ट्रान्स साइबेरियन रेलमार्ग संसारको सबैभन्दा लामो रेलमार्ग हो। यो रेलमार्गले रुसको राजधानी मस्कोलाई देशको पूर्वी भागमा अवस्थित भ्लादिभोस्तोकसँग जोड्द छ। यो रेल मार्गको लम्बाइ नौ हजार २५९ किलोमिटर छ।

यो रेलमार्गको यात्रा पूरा गर्न पूरै सात दिन लाग्दछ। अर्थात् रुसबाट रेल चढेको सात दिनपछि मात्रै भ्लादिभोस्तोक पुगिन्छ। यस क्रममा यात्रुहरू सात वटा फरक/फरक टाइम जोनबाट गुज्रिनु पर्दछ। यो रेलमार्गको पूरै भाग निकै चिसो र ठाउँ ठाउँमा हिउँले ढाकिएकोले निकै रोमाञ्चक छ। ■



# बुनुको कपाल लामो कि छोटो ?

'आमा...' बुनुले घर पुग्नेबितिक्कै विद्यालयको झोला कोठामा फ्यात्त राख्दै आमालाई बोलाइन् । 'आमा कता हुनुहुन्छ ?' उनी अझै जोडले चिच्याउन थालिन् । बुनुले आमालाई घरभरि खोजिन् । आमा त घरमा हुनुहुन्न रहेछ । छिमेकी काकीकहाँ जानुभएको रहेछ । बुनुले बोलाएको बोलाएकै गरेको सुनेर उहाँ काकीको घरबाट आफ्नो घरतिर आउनुभयो । 'के भयो छोरी, किन चिच्याएको ?' आमा मूलढोका खोलेर घरभित्र पस्नुभयो ।

'आमा, म भोलिदेखि विद्यालय जान्न ।' बुनु त ठुस्किइन् । लौ, एक्कासि बुनुले यस्तो भनेको सुन्दा आमा छक्क पर्नुभयो । "के भयो र ? किन विद्यालय नजाने ?" आमाले अचम्म मान्दै सोध्नुभयो ।

मलाई त सरमिसले कपाल बाटेर आऊ भन्नुहुन्छ । म त बाट्दिन कपाल । मलाई त कपाल बाट्न क्या झ्याऊ लाग्छ ।

'लौ, यति सानो कुरामा पनि विद्यालय नै नजाने भन्ने हुन्छ त ।' आमाले बुनुलाई सम्झाउन थाल्नुभयो । लामो कपाल असरल्ल देखिन लागेर होला सरमिसले बाटेर आउनु भन्नुभएको । तिमीलाई असजिलो भयो भनेर सरमिसले यसो भन्नुभएको होला । उसो भए म कपाल काट्छु । काटेपछि छोटो हुन्छ । बुनु त कपाल काट्ने निर्णयमा पुगिन् ।

"ल, अहिले खाजा खाऊ । भरे बुवा, तिमी र म बसेर सल्लाह गरौँला । यो कपाललाई के गर्ने भनेर अनि निर्णय गरौँला ।" आमाले भन्नुभयो । त्यसपछि बुनुले कपाललाई एकै ठाउँमा गुटुमुटु पारेर बानिन् अनि खाजा खान गइन् ।

बेलुकी आमा, बुनु र बुवा बसेर बुनुको कपाल के गर्ने भन्ने कुराको छलफल भयो । "नकाट के कपाल । यतिको कपाल त ठिक्कको छ नि । तिमीलाई सुहाएको पनि छ ।" बुवाले भन्नुभयो ।

"अब भोलि त विद्यालय बिदा छैन क्यार । अँ, पर्सि चाहिँ बिदा छ । लु, बिदाको दिन कपाल काट्नू । भोलिचाहिँ विद्यालय नै जानू । बरु कपाल म नै



आँचल श्रेष्ठ

*कक्षाः ८, नेपाल डन बस्को स्कुल*

*सिद्धिपुर, ललितपुर*

'आमा, म भोलिदेखि विद्यालय जान्न ।' बुनु त ठुस्किइन् । लौ, एक्कासि बुनुले यस्तो भनेको सुन्दा आमा छक्क पर्नुभयो । "के भयो र ? किन विद्यालय नजाने ?" आमाले अचम्म मान्दै सोध्नुभयो । मलाई त सरमिसले कपाल बाटेर आऊ भन्नुहुन्छ । म त बाट्दिन कपाल । मलाई त कपाल बाट्न क्या झ्याऊ लाग्छ ।



‘ए छोटो कपाल पनि राम्रो हुने रहेछ । छोरी मान्छेलाई छोटो कपाल नसुहाउने वा छोरीमान्छे भएर छोटो कपाल राख्न नहुने भन्ने होइन ।’ अब भने उनको मन रमायो । ‘अनि म कस्तो कपाल राखौँ त ? लामो कपाल पनि राम्रो नै हुने रहेछ । छोटो कपाल पनि राम्रो नै हुने रहेछ ।’ उनको मनमा कपालका बारेमा पो कुरा खेल्न लागे ।

बाटिदिउँला ।” आमाले भन्नुभयो । बुनुले ‘हुन्छ’ भन्दै टाउको हल्लाइन् ।

भोलिपल्ट बुवाले बुनुको कपाल बाटिदिनुभयो । बाटिएको कपाल पनि बुनुलाई राम्रो नै लाग्यो । ‘आ कपाल नकाटौँ कि क्या हो । बाटेको कपाल पनि राम्रो पो देखिँदो रहेछ ।’ उनले मनमनै सोचिन् । ‘तर पछि पछि त आफैँले कपाल बाट्नु पर्छ । क्या झन्झट हुन्छ । होस्, छोटै कपाल राख्छु ।’ बुनुले फेरि यस्तो सोचिन् र कपाल काट्ने नै निर्णय गरिन् । ‘बुवाले बाटिदिनु भएको कपाल राम्रो छ ।’ बुनुले बुवाको पनि प्रशंसा गरिन् । उनी खुसी हुँदै विद्यालय गइन् ।

बिदाको दिन बुनु र बुवा कपाल काट्न कपाल काट्ने पसलमा गए । अन्टीले मिलाइमिलाई बुनुको कपाल काटिदिनुभयो । जति कपाल काटियो, त्यति बुनुको मन खल्लो पो भयो । राम्रो राम्रो जस्तो पनि अनि नराम्रो नराम्रो जस्तो पनि लाग्यो ।

छोटो कपालसहित बुनु घर पुगिन् । बुनुको कपाल देखेर आमा हाँस्नुभयो । “किन हाँस्नुभएको आमा ?” बुनुले पनि मुस्कुराउँदै सोधिन् । “राम्रो, सफा देखिएको छ ।” आमाले भन्नुभयो ।

बुनुले आफ्नो कोठामा रहेको ऐना हेरिन् । उनलाई छोटो कपाल मनै परेन । ‘कस्तो मुडुलो पो देखिने रहेछ । मलाई देखेर साथीहरूले कस्तो जिस्काउलान् । हत्तेरी बेकारमा कपाल काटेछु । अब फेरि जोड्न मिल्दैन त ।’ उनको मन खल्लो भयो । खाना खाँदा पनि उनलाई धेरै बोल्न मन लागेन । ‘हत्तेरी, छोटो कपाल त कस्तो नराम्रो देखियो ! मजै भएन ।’ मनमा यही कुरा खेलिरह्यो ।

भोलि उनी भारी मन लिएर विद्यालय गइन् । धेरै साथीले कपाल बाटेर आएका रहेछन् । उनीहरूलाई कस्तो राम्रो देखिएको थियो । केही साथीको भने छोटै कपाल थियो । त्यो हेरेर उनले चित्त बुझाइन् । उनको कपाल हेर्दै उनका साथीहरू बुनुको नजिकै आए । ‘ह्या, यिनीहरूले मलाई अब जिस्काउँछन् ।’ बुनुलाई त्यहाँबाट भागौँ भागौँ लाग्यो तर भागेर कता पो जानु र !

‘बुनु, तिमीलाई छोटो कपालले कस्तो राम्रो सुहाएको छ ।’ साथीहरूले त प्रशंसा पो गरे । साथीहरूले झुट बोले कि साँचो बोले भनेर बुनु एकछिन दोधारमा परिन् ।

‘ए छोटो कपाल पनि राम्रो हुने रहेछ । छोरी मान्छेलाई छोटो कपाल नसुहाउने वा छोरीमान्छे भएर छोटो कपाल राख्न नहुने भन्ने होइन ।’ अब भने उनको मन रमायो । ‘अनि म कस्तो कपाल राखौँ त ? लामो कपाल पनि राम्रो नै हुने रहेछ । छोटो कपाल पनि राम्रो नै हुने रहेछ ।’ उनको मनमा कपालका बारेमा पो कुरा खेल्न लागे ।

विद्यालय आउँदा आफैँले बाट्छु, घर बस्दा वा बाहिर हिँड्दा आफ्नै तरिकाले कपाललाई सम्हाल्छु, कुरा सकिहाल्यो नि । अब भने बुनुले कपाल बारेमा धेरै सोच्न छाडिन् र कक्षाकोठाभित्र बसेर पढ्न लागिन् ।■

# मुनालाई माया

*कथा कविता छन् मुनामा धेरै*
*पढ्न थाल्छु ठानी सबै मेरै ।*

*चित्र कथा प्यारो मलाई सधैँभरि*
*पढ्न थाल्छु मुना गृहकार्य गरी ।*

*मुना पढ्दा ज्ञानसँगै रमाइलो पनि*
*मुना पढ्ने राम्रो हाम्रो बानी ।*

*उत्सुक हुन्छु सधैँ मुना पढ्नलाई*
*सिकाउँछ धेरै कुरा मुनाले मलाई ।*


*मुना तिमीलाई धेरै धेरै माया*
*ओढाई राख सधैँ भरी ज्ञानको छायाँ ।*







सुलक्षणा सापकोटा
**कक्षाः ९, वागिश्वरी माध्यमिक विद्यालय**
**च्याह्मासिंह, भक्तपुर**



# भेडाको सालिक



डा. रेवतबहादुर कार्की

सामान्यतया मान्छेलाई भेडो जस्तो भन्नासाथ जिद्दीवाल वा एकोहोरोका रूपमा लिने गरिन्छ तर यो भेडा त नाइके भेडा मात्र होइन, साच्चिकै भेडा फार्मको सेवा वा सबैको भलो गर्ने समाजसेवी, नेताका रूपमा रहेको थियो ।

भेडाको सालिकभन्दा हामीलाई अचम्म लाग्न सक्छ । मकवानपुर जिल्लाको भ्रमणको क्रममा चित्लाङ गाउँपालिकाको मार्खुमा अवस्थित भेडा फार्ममा यो सालिक स्थापित छ। फार्मको गेटबाट पस्नासाथ बनाइएको फार्मको पार्कमा भेडाको सालिक शानदार रूपमा राखिएको छ। यस्तो भेडाको सालिक जहाँकहीँ विरलै देख्न पाइन्छ। भेडा फार्ममा सामान्य भेडाको चित्र हुनु, मूर्ति हुनु स्वाभाविक भए पनि यो वास्तवमा विशेष क्षमता भएको भेडाको सालिककै रूपमा स्थापित गरेको पाइन्छ। जसरी विशेष योगदान गर्ने व्यक्ति वा सहिदको मूर्तिलाई सालिकका रूपमा राख्ने गरिन्छ, त्यसरी नै यहाँ विशेष क्षमता भएको वा विशेष योगदान गरेको भेडालाई सालिकको दर्जा दिएर पार्कमा राखिनु विशेष खालको स्थिति हो । यस्तो सालिक देखेपछि पङ्क्तिकारले यससम्बन्धी जिज्ञासा राख्दा वास्तवमै यस भेडामा विशेष क्षमता भई विशिष्ट योगदान गरेको आधारमा यो सालिक निर्माण गरिएको हुँदा यसको अर्थ छुट्टै र मानव

प्राणीका लागि पनि अनुकरणीय रहेको जानकारी पाइयो । यसकारण यससम्बन्धी आलेख/कथा जस्तो रूपमा लेख्ने जमर्को गरिएको छ ।

सामान्यतया मान्छेलाई भेडो जस्तो भन्नासाथ जिद्दीवाल वा एकोहोरोका रूपमा लिने गरिन्छ तर यो भेडा त नाइके भेडा मात्र होइन, साच्चिकै भेडा फार्मको सेवा वा सबैको भलो गर्ने समाजसेवी, नेताका रूपमा रहेको थियो । त्यो भेडा विशेष काम गरेर अहिले यो संसारवाट बिदा भइसकेको हुँदा पनि यो फार्मले उसको राम्रो कामको स्मरणार्थमा यस्तो सालिक बनाएको रहेछ । यस भेडाको व्यवहार, चालचलन, सेवा भाव र नेतृत्व क्षमता हेर्दा भेडाले मात्र होइन विवेकशील मानव प्राणीले समेत अनुशरण गर्ने खालको हुनाले पनि यसले हामीबिच पनि विशेष महत्त्व राख्दछ ।

सबै भेडाको हेरविचार गर्ने, कसले खायो खाएन हेर्ने, फार्म व्यवस्थापकलाई पनि यससम्बन्धी जानकारीको सङ्केत गर्दथ्यो भने कुनै भेडा बिरामी भए भने यसको जानकारी लिई व्यवस्थापकको दूतका रूपमा समेत कार्य गर्दथ्यो । उसले बोल्न नसके पनि सङ्केतबाट धेरै कुरा अवगत गराउँथ्यो । वास्तवमै फार्ममा उ सबैको केन्द्रबिन्दुमा रहेको भन्न पनि हिचकिचाउनु पर्दैन । एकचोटि यो भेडा नराम्रोसँग बिरामी भयो । त्यसबेला सबै भेडा र फार्म व्यवस्थापकलाई समेत उसको अभाव खड्केको अनुभूति मात्र गरेनन्, उसप्रति सबैले सहानुभूतिका साथै दुःखसमेत व्यक्त गेरका थिए । यसबाट यस भेडाको योगदान र सेवा सबैका लागि अद्वितीय थियो भन्ने सहजै अनुमान गर्न सकिन्छ ।

यति मात्र होइन, उसले सबैलाई अनुशासनमा पनि राख्ने गर्दथ्यो । यदि कसैले नियम उल्लङ्घन गरेमा वा अर्काको घाँस खाना खाएमा यो नराम्रोसँग रिसाउँथ्यो र हान्ने डर देखाउने र तर्साउने गर्थ्यो तर साच्चिकै भने हानी हाल्दैनथ्यो । त्यसरी तर्साउँदा मानेनन् भने बरु उसले बदमासी गरेको भेडाका बारेमा व्यवस्थापकलाई रिपोर्ट गर्थ्यो । यसरी यसले रिपोर्ट गरेको आधारमा व्यवस्थापकले त्यो गल्ती गर्नेलाई सजायसमेत दिने गर्थ्यौ । त्यस्तै उ इमानदारिताको पनि नमुना नै थियो । आफू अति इमानदार थियो तर कसैले बेइमानी गरेको थाहा पाए, रिसाउने र रिपोर्ट गर्ने गर्दथ्यो । एक किसिमले उसलाई अनौपचारिक हिसाबले म्यानेजर वा त्यहाँको प्रिय नेता भने पनि हुनेजस्तो थियो ।

यो भेडो मात्र भनेर भएन, यसको गुण हेर्ने हो भने यो कति महान् छ, सामान्य मानिसभन्दा महान् छ । यसका गुण अनुसार भेडाको नेता होइन, मानिस/जनताको नेता भने पनि हुन्छ । यो भेडा भए पनि कति अनुकरणीय मानवीय तथा व्यवस्थापकीय गुण यसमा पाइन्छन् । हाम्रा नेता वा अरू जो कोही मानिसले यसका गुणलाई अपनाई असल व्यक्ति, सेवक तथा नेता बन्ने अवसर प्रदान गर्दछ । यस्तो अनुकरणीय भेडा भएकाले भाइबहिनीहरू भेडाका केही राम्रा गुणहरू सिकी असल मान्छे बनुन् भन्नका लागि यो लेख/कथा लेखिएको हो । ■

# मेरो देश




आयुषा कार्की

***कक्षाः ८, गोदावरी रेसिडेन्सियल स्कुल ललितपुर***




*नदीनाला पहाड*
*हरियाली जङ्गल*
*हाम्रो देश बनाउ*
*सबै जना मिलेर ।*

*विविधतामा एकता*
*सगरमाथा भएका*
*फरक फरक धर्मले*
*चिनाएको नेपाल ।*

*स्वर्ग जस्तो देशमा*
*शान्ति खोज्न पर्दैन*
*कुनै गल्ती नगरे*
*हाम्रो नेपाल झुक्दैन ।*

*अग्ला अग्ला हिमाल*
*आकाशमा बादल*
*सयौँथरी जातिका*
*फूल जस्तै फुलेका ।*

*अनेकौँ छ संस्कृति*
*मनाउँछन् नेपाली*
*सुन्दर शान्त विशाल*
*मातृभूमि नेपाल ।*

# ‘बनिन् गुरुआमा’



सुशीला प्रधानाङ्ग

आमा ! किन लाज मान्नु भएको ? उहाँहरु पनि हामी जस्तै हो । उहाँहरु बाहिर काम गर्न जानुहुन्छ हजुरले घरको काम गर्नुहुन्छ फरक यत्ति हो ।

सुनिष्का विद्यालय जान तरखर गर्दै थिइन् । तिनले बाहिर आँगनमा कसैले बोलाएको स्वर सुनिन् ।

“भित्र को हुनुहन्छ ?” बाहिर आउनूस् न ।

तिनकी आमा जुनेली बारीमा काम गर्दै थिइन् । तिनले पनि कसैले बोलाएको स्वर सुनिन् । सुनिष्का बाहिर दगुर्दै आइन् र सोधिन्, “हजुरहरूले कसलाई खोज्नु भएको होला ?”

आँगनमा चार/पाँच जना महिला पुरुष उभिइरहेका थिए । उनीहरूमध्ये एक जनाले भन्यो, “नानी ! घरमा आमाबुवा हुनुहुन्न ?”

सुनिष्काले भनिन्, “बाबा बिहानै अर्को गाउँमा जानुभएको छ । आमा बारीमा हुनुहुन्छ । म आमालाई बोलाइदिन्छु है । सुनिष्काले आफ्नो कुरा नभ्याउँदै बोडी र सिमीको तरकारीको डालो बोक्दै जुनेली आँगनमा देखा परिन् । तिनले सुनिष्कासँग सोधिन, “छोरी ! उहाँहरूले कसलाई खोज्नुभएको होला ?” बाबालाई हो भने बाहिर जानु भएछ भनेर भनिनौं ?”

उनीहरूमध्ये एउटी महिलाले भनिन्, “नानीले त भनिसकिन् । हामी गाउँपालिकाबाट आएका हौं । हजुरसँग भए पनि हामी कुरा गर्छौं ।

जुनेलीले लाज माने जस्तै गरेर भनिन्, “मलाई त केही भन्न आउँदैन । हजुरहरू नानीको बाबा भएको बेलामा आउनु भए हुन्न ?

“किन र दिदी ? हजुरलाई कुरा गर्न आउँदैन ?” त्यो सुनेर जुनेलीले टाउको लाजले निहुरियो । सुनिष्काले झोला बोक्दै भनिन्, “पर्खनुस् आमा ! म आउँछु ।”

तिनले आमाको हात समात्दै भनिन्, “आमा ! हजुरले किन कुरा गर्न आउँदैन भन्नुभएको ? मसँग कति धेरै राम्रा राम्रा कुरा गर्नुहुन्छ ।”

तिनले आगन्तुकहरूतिर हात देखाएर भनिन्, “ हामी नेपाली हौं । हामीले नेपाली भाषामा कुरा गर्छौं । उहाँहरूले पनि त्यही भाषामा कुरा गर्ने हो । उहाँहरूले अर्को भाषा बोल्नु हुन्न ।

सुनिष्काले आमाले बोकेको डालोलाई भुइँमा राखिन् र भनिन्, “आमा ! म अहिले नौ वर्षकी भएँ । मलाई उहाँहरूसँग कुरा गर्न डर लाग्दैन भने हजुर त मेरी आमा पो किन डराउनुहुन्छ ?”

तिनको कुरा सुनेर आगन्तुकहरू सबै हाँस्न थाले । उनीहरू हाँसेको देखेर तिनी झन् लाजले भुतुक्कै भइन् । तिनले आफ्नो साडीको टुप्पाले मुख छोपिन् र पछाडि फर्किन् ।

तिनले आफ्नी आमालाई समातेर अगाडि ल्याइन् र भनिन्, “आमा ! किन लाज मान्नुभएको ? उहाँहरू पनि हामी जस्तै हो । उहाँहरू बाहिर काम गर्न जानुहुन्छ हजुरले घरको काम गर्नुहुन्छ फरक यत्ति हो ।

तिनले आगन्तुकतिर हेर्दै भनिन्, “मलाई विद्यालय जान ढिलो हुन्छ केही सोध्नु छ भने भन्नुस् ।

उनीहरूमध्ये एक जना पुरुषले भन्यो, “नानी त धेरै बाठी रहिछौं । कति कक्षामा पढ्छौं ?”

सुनिष्काले दुवै हात जोड्दै भनिन्, “हजुरहरू सबैमा मेरो नमस्ते । म यहींको सामुदायिक विद्यालयमा कक्षा ४ मा पढ्छु ।”

हामीले गाउँमा रहेका परिवारहरूको स्वास्थ्य जीवन बिमा गर्नका लागि परिवारहरूको नामावली लेख्न हिंडेका हौं ।

त्यो सुनेर सुनिष्काले भनिन्, “ए... हाम्रो शिक्षकहरूले पनि कक्षामा हामीलाई भन्नुभएको थियो ।” तिमी आफैंले तिम्रो परिवारको सदस्यहरूको नाम भन भनेर बलराम सरले भन्नुभयो ।

सुनिष्काले भनिन्, “त्यति कुरा त मेरी आमाले भन्न सक्नुहुन्छ । सही पनि गराउनु पर्छ र ?

बलराम सरले नै भन्नुभयो, “पर्छ नानु !” तिनले आफ्नी आमालाई झोलाबाट कलम निकालिन् र भनिन्, “म हजुरको हात समातिदिन्छु । हजुरले आफ्नो नाम लेख्नुस् ।”

जुनेलीले त्यसरी नै छोरीको हातबाट आफ्नो नाम लेखिन् । तिनले आमालाई भनिन्, “अब म मेरी आमालाई धेरै कुरा लेख्न र पढ्न सिकाउँछु ।

सुनिष्काको कुरा सुनेर आगन्तुकहरू सबैले एकैसाथ भने, “नानु ! तिमी धेरै असल रहिछ्यौ । तिमीले आफ्नी आमालाई पक्कै पनि पढ्न लेख्नमा सिपालु बनाउने छौं भनेर विश्वास लिएका छौं ।”

एक जना आगन्तुकले भन्यो, “अब हामी अर्को पटक आउँदा दिदीले आफैं सही गर्नुहुने छ । अहिले हामी जान्छौं । उनीहरू फर्केर गए । सुनिष्काले आफ्नी आमालाई अँगाल्दै भनिन्, “म मेरी आमाको गुरु बन्छु ।” आमा पनि मुसुक्क हाँसिन । ▪



# महाकवि

*कस्तो जन्म लियौ तिमीले एकै चोटि जाने*
*कस्तो कार्य गऱ्यौ तिमीले महाकवि बन्ने ।*

*धोको थियो तिमीलाई भेट्ने मेरो ठुलो*
*कति राम्रो सोच थियो लेख्ने, पढ्ने उनको ।*

*लेख्दालेख्दै चर्चित भए छैनन् अहिले फेरि*
*किन गयौ जगत् छोडी किन आउँदैनौ फेरि ।*

*सोच्छु अहिले महाकवि किन फर्किंदैनन्*
*फर्की फेरि यही जगत्मा किन आउँदैनन् ।*

*कस्तो कार्य गऱ्यौ तिमीले सबको मन जित्ने*
*खान, लाउन, बस्नबाहेक केही न चाहने ।*



निशान विक
***कक्षाः ८***
***सरस्वती मावि टोखा, काठमाडौँ***

# मनका कुरा

*यो मनको कुरा भनेर कसैलाई*
*बन्नु छैन हाँसोको पात्र मलाई ।*

*यो संसारमा भलो चाहने कमै हुन्छन्*
*अर्काको दुःखमा सबै हास्न चाहन्छन् ।*
*अचानोको पिर खुकुरीले जान्दैन*
*यहाँ मान्छेले मान्छेको पीडा बुझ्दैन ।*

*बुझे पनि बुझ पचाउने धेरै छन् यहाँ*
*यो मनको पीडा पोख्न जाउँ म कहाँ ।*

*संसारको मोह त्यागुँ जस्तो लाग्छ*
*तर के गर्नु आफन्तको माया जाग्छ ।*
*आफन्तको ममाथि भरोसा रहेको छ*
*मुटुमाथि ढुङ्गा राखी हाँस्नु परेको छ ।*

*एउटा मेरो मन छ भक्कानिएर रुने*
*बगेका यी आँसु कसले पुछिदिने ।*

रेसिना श्रेष्ठ
***कक्षाः ९, हिन्दु विद्यापीठ नेपाल***
***थली, काठमाडौँ***

## विद्यार्थीको ज्यान जोखिममा

# बाँचे विद्यालय, बगे सेतीमा





> जोखिम मोलेर नदी तर्दा विद्यार्थीका झोला र कापी किताब भिज्ने गरेका छन् । पानीले लुगासमेत भिज्ने गर्छ । पानीले भिजेको चिसो लुगा लगाएर कक्षाकोठामा बस्नु पर्ने पीडा छ । बिहान भिजेको लुगा दिउँसो शरीरमै सुक्छ ।



गोकर्ण दयाल

भाइबहिनीहरू, दुर्गम गाउँ ठाउँमा अहिले पनि नदी वारपार गर्ने पुल नहुँदा ज्यानको बाजी लगाएर विद्यार्थी नदी तर्दै विद्यालय जान बाध्य छन् । सुदूरपश्चिम प्रदेशको सेती नदीमा मिसिने बैतडीको सिगास गाउँपालिकामा पर्ने न्वाघरी नदी तर्दा बाँचे विद्यालय पुगिन्छ, न्वाघरीमा बगे सेतीमा विलय भइन्छ । न्वाघरी नदीले विद्यार्थीका कैयौँ सपना बगाइसकेको छ । न्वाघरीले बगाउँदा हालसम्म तीन जनाको ज्यान गइसकेको छ । यो पीडा सिगास गाउँपालिका-७, साङडा र थलार गाउँका विद्यार्थीको हो ।

सिगास-७, साङडा र थलार गाउँमा कक्षा ३ सम्मको मात्रै विद्यालय छ । माथिल्लो कक्षा पढ्न यहाँका ४० जना विद्यार्थी न्वाघरी नदी तरेर करिब एक घण्टाको दूरीमा रहेको सिगास-६ को गाणेश माविमा धाउँदै आइरहेका छन् ।

नदी तर्ने स्थानबाट माथि हेरे मौरा भिर देखिन्छ, जहाँबाट हालसम्म दुई जनाको लडेर मृत्यु भइसकेको छ । न्वाघरीगाडमा बगेर तीन जनाको मृत्यु भइसकेको छ । भिरमा हिँड्ने बाटो छैन, नदी तर्ने पुल नहुँदा यहाँका विद्यार्थी हरेक दिन नदीमा हेलिँदै विद्यालय आवतजावत गर्न बाध्य छन् ।

जोखिम मोलेर नदी तर्दा कक्षा १० की छात्रा बिन्दु चन्द, कक्षा ८ की अञ्जली विश्वकर्मा, कक्षा ६ की निर्मला विश्वकर्मा, कक्षा ४ की कल्पना साउद, कक्षा ५ का चक्र ऐरलगायत थलार र साङडा गाउँका विद्यार्थी विद्यालय आउँदा जाँदा निथ्रुक्कै भिज्ने गरेका छन् ।

जोखिम मोलेर नदी तर्दा विद्यार्थीका झोला र कापी किताब भिज्ने गरेका छन् । पानीले लुगासमेत भिज्ने गर्छ । पानीले भिजेको चिसो लुगा लगाएर कक्षाकोठामा बस्नु पर्ने पीडा छ । बिहान भिजेको लुगा दिउँसो शरीरमै

सुक्छ । लुगा सुक्ने बेला विद्यालय छुट्टी हुँदा फेरि नदीमै हेलिनु पर्ने पीडाले विद्यार्थीको जिउ दिनभरि न्यानो हुन पाउँदैन । चिसोले साना कक्षाका विद्यार्थी बिरामीसमेत हुने गरेका छन् ।

विद्यार्थीलाई सोही गाउँकी शिक्षिका लक्ष्मी चन्दले नदी तराएर गणेश मावि लैजाने र ल्याउने काम गर्दै आउनुभएको छ । शिक्षिका चन्द गणेश माविमा अध्यापन गराउने भएकाले विद्यार्थीको सहारा बन्नुभएको छ । पुलका लागि पटक पटक माग गरे पनि दुर्गममा बस्नेको कुरा कसैले नसुनेको शिक्षिका र विद्यार्थीको गुनासो छ ।

२०३२ सालमा स्वीकृति पाएको गणेश माविमा हाल १५० जना विद्यार्थी अध्ययनरत छन् । विद्यालयका प्रधानाध्यापक कालुसिंह साउद पुलको समस्या उठाउँदै आउनुभएको छ ।

संयोगले साङडा गाउँकै शिक्षिका लक्ष्मी चन्द गणेश माविमा अध्यापन गर्ने भएकाले उहाँको काँधमा अध्यापनसँगै विद्यार्थीलाई नदी तार्ने जिम्मेवारीसमेत रहेको प्रधानाध्यापक साउद बताउनुहुन्छ । पुलका लागि स्थानीय, प्रदेश र सङ्घीय सरकारका जनप्रतिनिधिसँग माग गरे पनि सुनुवाइ नभएको उहाँको भनाइ छ ।

बैतडीको सिगास गाउँपालिका अहिलेसम्म यातायातसँग जोडिन सकेको छैन । बर्सेनि यहाँ न्वाघरीगाड र सेती नदीको बाढीले घरखेत र हिंड्ने बाटो बगाउने गरेको छ । बाढीले बैतडीको सिगास गाउँपालिका–७, भौनेलीपातलदेखि डोटी जिल्लाको आदर्श गाउँपालिका–६, पाङ बबिना जोड्ने पुल बगाएपछि अहिले यहाँका स्थानीय समस्यामा परेका छन् ।

डोटीको आदर्श गाउँपालिकासम्म यातायात पुगेकाले दैनिक उपभोग्य वस्तु किन्न पनि जोखिम मोलेर नदी तर्नु पर्ने बाध्यता रहेको छ ।

सिगासवासीले पुलका सपना देखे त कहिले पश्चिम सेतीका सपना देखे तर पुल, मोटरबाटो र गाडी चढ्ने सपना न्वाघरी नदी र सेतीका छालसँगै बगेर बिलाउने गरेका छन् ।

पश्चिम सेती परियोजना बन्ने हल्लाले सिगासमा अहिलेसम्म विद्युत्को राष्ट्रिय प्रसारण लाइन विस्तार हुन सकेको छैन । यहाँका विद्यार्थी टुकी बालेर पढ्न बाध्य छन् । बिजुली बत्ती नहुँदा सोलारले काम नगरेको दिन स्वास्थ्य संस्थामा मैनबत्ती बालेर सुत्केरी गराउनु पर्ने अवस्था रहेको छ ।

भूगोलका हिसाबले बैतडीको सिगास गाउँपालिका बैतडीका १० वटै स्थानीय तहमध्ये सबैभन्दा ठुलो २४५.४४ वर्ग किमी क्षेत्रमा फैलिएको छ । ७५० मेघावाट क्षमताको जलाशययुक्त पश्चिम सेती जलविद्युत् आयोजना सिगास गाउँपालिकामै रहेको छ । नेपाल सरकारले संरक्षित वनका रूपमा घोषणा गरेको सिगास संरक्षित वन पनि यही गाउँपालिकामा रहेको छ ।

सिगास संरक्षित वनमा क्यान्सर रोग निको पार्ने लौठसल्ला र ६५ भन्दा बढी बहुमूल्य जडीबुटी रहेको डिभिजन वन कार्यालय बैतडीको तथ्याङ्क छ । सिगास गाउँपालिका प्राकृतिक सम्पदाले भरिभराउ भए पनि स्थानीय सरकार, प्रदेश र सङ्घीय सरकारले नदी तर्ने पुल, राम्रो हिंड्ने बाटो, बिजुली बत्ती र स्वास्थ्य संस्थामा गुणस्तरीय सेवा उपलब्ध गराउन सकेको छैन । ■



*ज्यान जोखिममा पारेर नदी तर्दै गरेका विद्यार्थी ।* ***तस्बिर सौजन्यः लक्ष्मी चन्द***



# बालश्रम मुक्त 'पालिकामा बजेट'



सीता शर्मा

> १३ लाख बालबालिका विभिन्न श्रममा रहेकामा दुई लाख बालबालिका निकृष्ट प्रकारको श्रममा रहेका छन् । त्यसो त पाँच वर्ष पहिले बाल श्रमिकको सङ्ख्या १६ लाख रहेको थियो ।

नानीबाबु ! हजुरहरूलाई थाहा छ ? सरकारले बालश्रम शून्यमा झार्ने नीति कार्यान्वयनमा ल्याएको छ तर सजिलो कहाँ छ र ! पछिल्लो समयमा बालबालिका अझै श्रमको जोखिममा छन् । स्वदेशका धेरै उद्योग व्यवसाय बन्द हुँदा बेरोजगारी बढ्दै गएको छ । जसको प्रत्यक्ष प्रभाव बालबालिकामा परेको छ । बालबालिकालाई सस्तोमा काम लगाउन सकिने भएकाले बालबालिका श्रममा आउने क्रम बढेको छ तर यसको व्यवस्थित तथ्याङ्क कतै पाइँदैन । ट्रेड युनियन अधिकारकर्मीहरू भने पछिल्लो पटक केही उद्योगी र व्यवसायीले वयस्कलाई कामबाट निकालेर बालबालिकालाई सस्तोमा काम लगाइरहेका छन् । नेपाल ट्रेड युनियन महासङ्घका अध्यक्ष विनोद श्रेष्ठले कानुनले निषेध गरेको काममा बालबालिका प्रयोग हुँदासमेत सरकारका जिम्मेवार निकाय बेखबर भएको बताउनुभयो ।

बालश्रम अन्त्य गर्ने जिम्मा पाएका श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले भने बालश्रम घटेको तथ्याङ्क सार्वजनिक गरेको छ । मन्त्रालयका अनुसार १३ लाख बालबालिका विभिन्न श्रममा रहेकामा दुई लाख बालबालिका निकृष्ट प्रकारको श्रममा रहेका छन् । त्यसो त पाँच वर्ष पहिले बाल श्रमिकको सङ्ख्या १६ लाख रहेको थियो । जसमा छ लाख बालबालिका निकृष्ट प्रकारको श्रममा रहेको भन्ने गरिएको थियो । श्रम मन्त्रालयको यो तथ्याङ्क हेर्दा निकृष्ट प्रकारको श्रममा रहेका बालबालिकाको सङ्ख्या घटेको देखिएको छ ।

संयुक्त राष्ट्रसङ्घले दिगो विकास लक्ष्य (एसडिजी) मा सन् २०२५ सम्म बाध्यकारी श्रम उन्मूलन, आधुनिक दासत्व अन्त्य, निकृष्ट प्रकारको बालश्रम निषेध सन् २०२५ सम्म गरिने उल्लेख गरिएको छ । त्यसो त नेपालको संविधान २०७२ ले बालश्रमलाई संवैधानिक रूपमा निषेधित गरिसकेको छ ।

छ वर्षदेखि कार्यान्वयनमा रहेको गुरुयोजनाको परिणाम शून्य श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले एसडिजीका लक्ष्य प्राप्ति गर्नका लागि पाँच वर्ष पहिले राष्ट्रिय गुरुयोजना जारी गर्दै २०७९ सालसम्ममा निकृष्ट प्रकार तथा शोषणयुक्त बालश्रम अन्त्य गर्ने र २०८२ सालसम्म सबै किसिमका बालश्रम अन्त्य गर्ने योजनाका साथ काम गरेको छ । सबै प्रकृतिका बालश्रम र औपचारिक तथा अनौपचारिक क्षेत्रमा काम गर्ने पाँचदेखि १७ वर्ष उमेर समूहका बालबालिकालाई गुरुयोजनाले समेटेको छ ।

गुरुयोजनाको प्राथमिकतामा यातायात, 'अडआवर' को काम, घरेलु बालश्रम, बालभरिया, कृषि बालश्रम, लागुपदार्थ सङ्कलन तथा बेचबिखन, बुनाइ बालश्रम, इँटा भट्टाको बालश्रम, खानी क्षेत्रको बालश्रम, मनोरञ्जन क्षेत्रको बालश्रम (यौन शोषणसमेत), जरी तथा बुट्टा भराइ र छिमेकी देशमा पलायन भएको बालश्रमलाई राखिएको छ । बालश्रम निवारणसम्बन्धी राष्ट्रिय गुरुयोजना पारित भएको पाँच वर्ष भइसके पनि गुरुयोजना अनुसार काम भएको पाइँदैन ।

> यातायात, 'अडआवर' को काम, घरेलु बालश्रम, बालभरिया, कृषि बालश्रम, लागु पदार्थ सङ्कलन तथा बेचबिखन, बुनाइ बालश्रम, इँटा भट्टाको बालश्रम, खानी क्षेत्रको बालश्रम, मनोरञ्जन क्षेत्रको बालश्रम (यौन शोषणसमेत), जरी तथा बुट्टा भराइ र छिमेकी देशमा पलायन भएको बालश्रमलाई राखिएको छ ।

मन्त्रालयका अनुसार आर्थिक वर्ष २०७९/८० मा ५० वटा पालिकालाई बालश्रम निषेध गर्ने गरी दुई करोड छ लाख बजेट छुट्याइएको थियो भने चालु आव २०८०/८१ मा १०४ वटा पालिकालाई बालश्रम निषेध गर्ने गरी तीन करोड रकम छुट्याएको छ ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) को तथ्याङ्क अनुसार विश्वभर १५ करोड २० लाख बालबालिका श्रममा संलग्न रहेका छन् । त्यसमध्ये सात करोड ३० लाख बालबालिका जोखिमपूर्ण श्रममा लागेका छन् । बाल श्रमिकको कुरा गर्दा दक्षिण एसियाली मुलुकमध्ये भारत, बङ्गलादेश र पाकिस्तानपछि नेपाल पर्छ । ■

कविता

# कसले बनायो बा ?

*यो भेदभावको बाटो*
*कसले बनायो बा ?*
*मान्छे मान्छेमा फाटो*
*कसले बनायो बा ?*

*आखिर एकै कोखबाट*
*जन्मिएका हौ हामी दुई भाइ*
*एकलाई बहिरो अनि अर्कोलाई बाठो*
*कसले बनायो बा ?*

*भेदभाव अनि छुवाछूत*
*प्रकृतिले नै बनाएको हो भने*
*सबै सबैको रगत रातो*
*कसले बनायो बा ?*

*सिप चल्ने, श्रम चल्ने तर बस्न अलग माटो*
*सोच्दा सोच्दा हैरान हुन्छु म*
*मान्छेलाई मान्छेले पिस्ने जाँतो*
*कसले बनायो बा ?*



सन्तोष परियार
**कक्षा : १०, भैरव मावि**
**बाँझ ककानी, डोटी**



# कफी

समृद्धि कोइराला

'कफी एक भावना हो।' हामी सबैले तनाव हटाउन र सक्रिय रहन कफी  पिउँछौं। हरेक व्यक्तिको बिहान उठेर आफ्नो दिनको सुरुवात गर्ने संस्कार हुन्छ। जसमा कफीले निकै महत्त्वपूर्ण भूमिका खेल्छ। के तपाईंलाई कफी मन पर्छ ? तर के तपाईंलाई यसको इतिहास थाहा छ ? कफी पत्ता लगाउने व्यक्ति काल्डी नामको इथियोपियाली बाख्रा गोठाला थिए । जसले आफ्नो बाख्रालाई निश्चित रुखको जामुन खाएपछि ऊर्जावान् भएको देखे । उनले आफैँ जामुनहरू प्रयोग गरे र त्यस्तै प्रभावको अनुभव गरे। धेरै वर्षपछि इन्स्ट्यान्ट कफीको आविष्कार जर्ज वासिङ्गटनले सन् १९०९ मा गरेका थिए। यद्यपि यो दोस्रो विश्वयुद्धसम्मको थिएन कि तत्काल कफीले सैनिकका लागि यसको सुविधाका कारण लोकप्रियता प्राप्त गर्‍यो।

अब हाम्रो सुन्दर राष्ट्र नेपालको सन्दर्भमा २० औँ शताब्दीको मध्यमा नेपालमा कफीको परिचय भयो। सन् १९६० मा संयुक्त राष्ट्र विकास कार्यक्रमले नेपालमा कफी बिरुवाहरू यसको कृषि अभ्यासलाई विविधीकरण गर्न ल्यायो । नेपालमा कफी खेती मुख्यतया पहाडी क्षेत्रहरू जस्तै काभ्रे, सिन्धुपाल्चोक, ललितपुर र पाल्पा जिल्लामा केन्द्रित छ।

तपाईंलाई नेपाल कफी महोत्सवबारे थाहा छ ? यो एक वार्षिक कार्यक्रम हो, जसले देशको कफी संस्कृति प्रदर्शन गर्दछ । स्थानीय कफी उत्पादनहरू प्रवर्धन गर्दछ र कफी उत्साहीहरूलाई कफी उत्पादनका विभिन्न पक्षबारे जान्नका लागि प्लेटफर्म प्रदान गर्दछ।

यसले हाम्रो देशको आर्थिक स्थितिमा पनि मद्दत गरेको छ। नेपालमा किसानका लागि वैकल्पिक आयको स्रोत, ग्रामीण विकास र गरिबी न्यूनीकरणमा योगदान पुर्‍याएको छ । र, हाम्रो देशको विकासमा पनि मद्दत गर्न सक्छ। हरेक कुरामा चुनौती छन्, त्यसैले नेपाली कफी उद्योगले यस्तो गर्छ। सीमित पूर्वाधार, आधुनिक प्रशोधन विधिहरूको अभाव र अन्य विश्वव्यापी कफी उत्पादकहरूबाट प्रतिस्पर्धाका रूपमा । समग्रमा कफी मानिसद्वारा सधैँ मनपर्ने थियो, छ र हुने छ। ■

## *ग्राहक बन्न चाहने भाइबहिनीहरूमा अनुरोध*

*देशभरका बालबालिकाहरू मुनाको ग्राहक बनेर लाभान्वित होऊन भन्ने हाम्रो चाहना र कामना छ । भाइबहिनीहरू ग्राहक बन्न काठमाडौँमै हुनु पर्दैन । देशको जुनसुकै कुनाबाट पनि मुनाको ग्राहक बन्न सकिन्छ । यसका लागि दुई उपाय छन् । पहिलो, गोरखापत्र संस्थानको धर्मपथस्थित प्रधान कार्यालय, विराटनगर र कोहलपुरस्थित प्रदेशस्तरीय प्रकाशन कार्यालय तथा जनकपुर, हेटौँडा, पोखरा, बुटवल, सुर्खेत र धनगढीस्थित संस्थानको प्रदेशस्तरीय कार्यालयमा सिधैँ सम्पर्क गरेर ग्राहक बन्ने । कार्यालयमा सिधै सम्पर्क गरेर ग्राहक बन्न असुविधा छ भने अनलाइन भुक्तानी प्रणालीबाट संस्थानको बैंक खातामा रकम जम्मा गरेर पनि ग्राहक बन्न सकिन्छ । गोरखापत्रको राष्ट्रिय वाणिज्य बैङ्कको विशालबजार शाखामा १०९०१०००५५४९००१ र नेपाल बैङ्क लिमिटेड, न्युरोड शाखा ००२००१००५०२४२६००००१ गरी दुईवटा खाता छन् । तर यसमा रकम जम्मा गरेर मात्र हुँदैन, यसको जानकारी प्रधान कार्यालय र प्रदेशस्तरीय कार्यालयमा तल दिइएको फोन वा इमेल गरेर दिनुपर्छ। ग्राहक बनेपछि संस्थानको वितरण पहुँच भएका स्थानमा वितरकले तपाईंले उपलब्ध गराएको घरको ठेगानामा पत्रिका उपलब्ध गराउनुहुन्छ । भने वितरण पहुँच नभएका देशभरका क्षेत्रमा हुलाकमार्फत पत्रिका प्राप्त गर्न सकिन्छ। भाइबहिनीहरू यति भएपछि भएन त काइदा। आफ्नो ज्ञानको दायरा बढाउन आजै आफ्ना अभिभावकलाई भनेर बालबालिकाको मासिक खुराक मुनाको ग्राहक बनिहाल्नुस् है।*

***यसका लागि ठेगाना रहेको छ :***

***प्रधान कार्यालय*** *०१५३२०६३८* ***इमेल*** bgorkhapatra207@gmail.com

***प्रदेश स्तरीय कार्यालय विराटनगर*** *: ०२१-४७१७४६, ९८५११२९६७६,* ***कोहलपुर*** *: ०८१-५३१६२३, ९८६१८८८५६४*

***जनकपुर*** *: ०४१-५९०४२९, ९८५१००९७९३,* ***हेटौँडा*** *: ०५७-५९०६५१, ९८४५०३१५६१,* ***पोखरा*** *: ०६१-५३१८२७, ९८५६०२२६६६,* ***बुटवल*** *: ०७१-५४३३७६, ९८४९६४५३०६,* ***धनगढी*** *: ०९१-४१२०४३, ९८५८४२१८०१,*

***सुर्खेत*** *: ०८३-५९००६०, ९८४९०३४२३१*



# नेपालकै पहिलो वैज्ञानिक
# गेहेन्द्रशमशेर राणा

भाइबहिनीहरू, तपाईंहरूलाई थाहा छ, नेपालको पहिलो वैज्ञानिक को मानिन्छन् ? कतिपयले उनलाई केबल प्राविधिक मात्र थिए भन्ने गर्छन् । आज हामी उनकै बारेमा जानौँ है त । नेपालको अझ भनौँ दक्षिण एसियाकै पहिलो वैज्ञानिक हुन्, गेहेन्द्रशमशेर राणा । उनी तत्कालीन प्रधानमन्त्री वीरशमशेरका जेठा छोरा हुन् । उनको जन्म १९२८ साल पुस महिनामा भारतको कोलकाता भन्ने ठाउँमा भएको थियो । जहाँ उनका बुवा वीरशमशेरलाई नेपाली प्रतिनिधिका रूपमा काम गर्न खटाइएको थियो । उनको प्रारम्भिक शिक्षा निजी अङ्ग्रेजी शिक्षक घरमै राखिएको थियो भने औपचारिक शिक्षा दरबार हाइस्कुलबाट भएको थियो । उनले



मीनु गौतम

> गेहेन्द्रशमशेरका प्रमुख आविष्कार हरूमा पानीमुनि बत्ती, धान कुट्ने कल, छाला प्रशोधन कारखाना, हावा मिल, गेहेन्द्र राइफल, गे गन, वीर गन, धीर गन, चारनाले तोप, फोटोग्राफीलगायतका छन् ।

बाल्यकालदेखि नै विभिन्न यान्त्रिक सामान तथा हतियार निर्माणमा रुचि राख्थे । उनी बहुआयामिक प्रतिभा भएका व्यक्ति थिए । उनको रुचि सङ्गीत, खेलकुद, चित्रकला र फोटोग्राफीमा थियो ।

भाइबहिनीहरू, गेहेन्द्रशमशेरको विज्ञान र प्रविधिको क्षेत्रमा ठुलो योगदान छ । वैज्ञानिक आविष्कारमा निकै चासो राख्ने उनी सकेसम्म कुनै वैज्ञानिकले के कुरा कसरी पत्ता लगाए भन्नेबारेमा गहिरो अध्ययन र खोज गर्थे । उनले आफ्ना सहयोगीका साथ लिई सेतो दरबार (जमल), सुन्दरी जल, बालाजु, भोजपुरको मेघचनमा ससाना प्रयोगशाला स्थापना गरी व्यवस्थित वैज्ञानिक अनुसन्धान र आविष्कारको थालनी गरेका थिए । भाइबहिनीहरू, छोराको प्रविधिप्रतिको चाहना र इच्छा देखेर वीरशमशेरले उनलाई जापान पढ्न पठाए ।

जहाँ उनले हतियारका बारेमा निकै खोज, अनुसन्धान र सहकार्य गरे जसले गर्दा उनले प्रविधिसम्बन्धी निकै ज्ञान हाँसिल गरे । वीरशमशेर आफू प्रधानमन्त्री भएपछि छोरा गेहेन्द्रलाई १४ वर्षको कलिलो उमेरमै तत्कालीन शाही नेपाली सेनाको हातहतियार विभागको प्रमुखको जिम्मा दिए । जसले गर्दा उनमा हातहतियार र गोलीगट्ठा निर्माणमा निकै उत्प्रेरणा मिल्यो । नेपाली सेनालाई चाहिने हातहतियार, बारुद तथा अन्य बन्दो बस्तीका सामान आफ्नो नेतृत्वमा नेपालमै निर्माण गर्न थाले ।

भाइबहिनीहरू, गेहेन्द्रशमशेरले धेरै आविष्कार गरेका छन् । उनले गेहेन्द्र राइफल, गे गन, बुवाको नामबाट वीर गन, हजुरबुबाको नामबाट धीर गन तोप, मेसिन गन, गोली, गोला कार्टिज, चारनाले तोप जस्ता हतियारहरूको निर्माण गरे । उनलाई नयाँ नयाँ काम गरिरहन मन लाग्थ्यो । विसं १९५६ मा फोड मोटर कम्पनीबाट कार आयात गरी त्यसलाई खोलखाल पारी नयाँ बनाउने प्रयास गरे । उनले धान कुट्ने मिल, हावाबाट चल्ने मिल, बालाजुको छाला प्रशोधन कारखाना, पानीघट्ट आदि स्थापना गरे । पानीमुनि बिजुली बत्ती बालेर सारा नेपालीलाई चकित पारे ।

उनी नेपाली आविष्कारक हातहतियारका प्रमुख डिजाइनर एवं तत्कालीन शाही नेपाली सेनामा जर्नेलसमेत बने । भाइबहिनीहरू, उनको मृत्यु विसं १९६४ भदौ महिनामा ३६ वर्षको उमेरमा भयो । उनको मृत्युका कारण रहस्यमय छ । उनलाई मदिरामा विष मिलाई खुवाएर मारिएको भने पनि यो अहिले पनि अनुसन्धानको विषय भएको छ । ▪

# बागमती नदीको व्यथा



राघव यादव
***कक्षाः ३, विश्व निकेतन मावि***
***त्रिपुरेश्वर, काठमाडौँ***

उपत्यकावासीमा म राघव यादवको हार्दिक अनुरोध, हजुरहरू हो, तपाईंहरूले बागमती नदीको व्यथा बुझ्नुभएको छ, आज म हजुरहरूलाई बागमती नदीको कथाव्यथा भन्न गइरहेको छु, बागमती नदी अरू नदी जस्तो सफा छैन, त्यसको जिम्मेवारी हामीहरू नै हो, म सधैँ यो नदीको पुलबाट आफ्नो स्कुल जाने आउने गर्छु ।

नदी किनारको बोटबिरुवालाई हुर्कन र हरियाली बनाउन बागमती नदीले आफ्नो पानी दिएर सहयोग गरेको छ । तरकारी फलाउन सिँचाइका लागि पानी दिएर सहयोग गरेको छ । त्यही नदी आज अति नै दुर्गन्धित भएको छ । घरका ढल मिसाएका छन् । पुलमाथिबाट नदीमा फोहोर फाल्दिन्छन् । यस कारण यसको पानी दुर्गन्धित भएको छ ।

अझै धेरै फोहोर मिसायौँ भने कडा गन्ध आएर किनारबाट हिँड्न नसक्ने हुन्छौँ । यस कारण हामीले यसलाई सकेसम्म चाँडै सफा राख्न सुरुवात गर्नु पर्छ । हाम्रो यस सुरुवातले नदी सफा पनि हुन्छ र अर्को महत्त्वपूर्ण कुरा हामीहरूले शुद्ध हावा लिन पनि पाउँछौँ ।



कविता

# असल मान्छे

*साना हामी बाबु नानी सिक्नु पर्छ राम्रा बानी*
*खराब बानी सिक्यौँ भने आफैँलाई हुन्छ हानि ।*

*राम्रो काम गरेर असल मान्छे बनिन्छ*
*राम्रो काम गर्नेलाई स्याबास ज्ञानी भनिन्छ ॥*
*आफ्नो काम आफैँले गर्न जान्नु पर्दछ*
*आमाबाबा गुरुले भनेको मान्नु पर्दछ ।*

*आफूभन्दा सानालाई माया गर्नु जाति हो*
*आजैबाट असल मान्छे बन्न थालौँ साथी हो ॥*



सुनयना पोखरेल
***कक्षाः २, काठमाडौँ मेरिडियन स्कुल***
***बाँसबारी, काठमाडौँ***

# शब्दजाल प्रतियोगिता - ७५

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | ■ | २ | ■ | ३ | ■ | ४ |
| ५ | | | ■ | ६ | | |
| | ■ | ७ | ८ | | ■ | |
| ■ | ■ | ■ | | ■ | ■ | ■ |
| ९ | ■ | १० | | ११ | ■ | १२ |
| १३ | | | ■ | १४ | | |
| | ■ | | ■ | | ■ | |

नाम : ........................................................

कक्षा : ................

विद्यालय : ................................................

ठेगाना : ..............................................

.....................................

## शब्दजाल प्रतियोगिताका नियम :

१. यस प्रतियोगितामा सहभागी हुन माथि दिइएको कुपन भरेर पठाउनुपर्नेछ। फोटोकपीलाई मान्यता दिइने छैन।
२. यसमा कक्षा १० सम्मका विद्यार्थी मात्र सहभागी हुन पाउनुहुनेछ।
३. केरमेट गरिएको कुपन मान्य हुने छैन।
४. सही समाधान पठाउनुहुने बढीमा तीन जनालाई पुरस्कृत गरिनेछ।
५. पुरस्कार लिन आउनुहुँदा परिचयपत्र लिएर आउनुहोला।
६. शब्दजाल प्रतियोगिता-७५ को समाधान २०८० साल कात्तिक ५ गतेसम्ममा मुना मासिकको कार्यालयमा आइ पुग्नुपर्नेछ।

प्रतियोगिताका प्रश्नहरू मुनाको भदौमा आधारित छन्। उक्त महिनाको मुना अध्ययन गरी उत्तर पठाउनुहुन भाइबहिनीलाई जानकारी गराइन्छ।

### तेर्सो

५) .....ले ती स्रोत साधनको व्यवस्थापन गर्न पर्छ (३)
६) होस आएपछि.....उनीहरूसँग (३)
७) कुनै सन्तान ....काले आफ्नै सन्तान (३)
१०) .....मन भने तृप्त भएन (३)
१३) अर्को मन .....र भोग विलासको (३)
१४) देशका दुर्गम ....जनताले (३)

### ठाडो

१) बालमैत्री...... (३)
२) उनीहरूले जसोतसो ....गुजारा (३)
३) बाघ गर्जेको आवाज सुनेर सारै.... (३)
४) उज्ज्वल तेक्वान्दो ....ओलम्पिकसम्म (३)
८) तैपनि उनको मन तृप्त..... (३)
९) पसल घुम्दै हामी ....हरू किन्न (३)
१०) यति भनेर .... छोरा कान्छा (३)
११) कक्षा.....पढाइने (३)
१२) युवाले...गर्न विदेश कुदन पर्दैन (३)

## शब्दजाल प्रतियोगिता-७३ को समाधान

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ बा | ■ | २ सा | ■ | ३ मा | ■ | ४ तु |
| ५ बा | टो | मा | ■ | ६ सि | ग्न | ल |
| ले | ■ | ७ न | ८ जि | क | ■ | ना |
| ■ | ■ | ■ | क | ■ | ■ | ■ |
| ९ क | ■ | १० म | न | ११ मा | ■ | १२ क |
| १३ प | हि | ला | ■ | १४ ने | पा | ल |
| डा | ■ | ई | ■ | को | ■ | म |

साउन महिनाको मुना शब्दजालको सही समाधान पठाउनुहुने सहभागीमध्ये गोलाप्रथाबाट विजयी तीन जनाको नाम ठेगाना तल दिइएको छ :

१. **कविता खनाल**, कक्षाः ७
वृहस्पति विद्या सदन, नक्साल।
२. **ममता तामाङ**, कक्षाः ९
केएमसी बुद्धनगर।
३. **विज्ञान श्रेष्ठ**, कक्षाः ७
दरबार हाईस्कुल, काठमाडौँ।

पुरस्कारका लागि मुना मासिकको कार्यालयमा सम्पर्क राख्नुहुन विजयी सहभागीलाई अनुरोध छ।





विश्वास रेग्मी

# रमाइलो 'पडकास्ट'

> पडकास्टिङ आफैँमा विविधता सहितको काम हो । अतिथि बोलाएर, आफैँले मात्र बोलेर, कसैका प्रेरणादायी कुरा भनेर अथवा केही पढेर पनि पडकास्ट गर्न सकिन्छ । यसलाई अडियोका रुपमा सुन्न सकिन्छ तर आजकल यसमा परिवर्तन गरेर भिडियोसमेत राख्ने गरिएको छ ।

इन्टरनेटको दुनियाँमा अहिले पडकास्टिङको चर्चा झन्झन् चुलिँदै गएको छ । युट्युब, स्पोटिफाइ जस्ता सञ्जालमा पडकास्टिङ एकदमै चर्चित हुन थालेका छन् । भाइबहिनीले पडकास्टिङ पक्कै सुनेको हुनु पर्छ । त्यसो त पडकास्टिङ खास नयाँ भने होइन तर यति बेला पडकास्टिङ एक किसिमले 'ट्रेन्ड' नै बनेको छ ।

पडकास्टिङको चर्चा यति धेरै हुनुको रहस्यभन्दा अघि यो कसरी सुरु भयो त्यसबारे जानौँ है त ।

आइफोन निर्माता एप्पलले करिब २० वर्षअघि आइफोनसँगै आइपड पनि निर्माण गर्थ्यो । जसबाट अडियो मात्र सुन्न सकिन्थ्यो । युवापुस्तामाझ गीत सुन्नका लागि यो निकै चर्चित पनि थियो । अडियोका लागि प्रयोग हुने आइपडकै 'पड' शब्द सापटी लिएर यसलाई 'ब्रोडकास्टिङ'को कास्टिङसँग जोडेर पडकास्टिङ बनाइएको हो । ब्रोडकास्टिङ भन्नाले अडियो तथा भिडियो प्रसारण गर्ने भन्ने बुझिन्छ । जस्तै रेडियो, टेलिभिजनलाई ब्रोडकास्टिङ माध्यम भनेर बुझ्न सकिन्छ ।

यसरी पडकास्टिङ भन्ने शब्द निर्माण गर्ने काम भने बिबिसीका पत्रकार तथा दी गार्जियनका स्तम्भकार बेन ह्यामर्सले गर्नुभएको हो । उहाँले सन् २००४ मा फेब्रुअरीमा दी गार्जियनमा एक लेख लेख्दै पहिलो पटक यो शब्द सार्वजनिक गर्नुभएको हो ।

पडकास्टिङ आफैँमा विविधतासहितको काम हो । अतिथि बोलाएर, आफैँले मात्र बोलेर, कसैका प्रेरणादायी कुरा भनेर अथवा केही पढेर पनि पडकास्ट गर्न सकिन्छ । यसलाई अडियोका रुपमा सुन्न सकिन्छ तर आजकल यसमा परिवर्तन गरेर भिडियोसमेत राख्ने गरिएको छ ।

यसमध्ये अतिथि बोलाएर गरिने पडकास्ट पछिल्लो समय अलि बढी चर्चित छ । त्यसो त कार्यक्रममा अतिथि बोलाएर कुराकानी गर्ने, अन्तर्वार्ता लिने काम कुनै नयाँ होइन । सञ्चार माध्यमहरूले यो काम धेरै अघिदेखि नै गर्दै आएका छन् । त्यस्तै काम गर्ने पडकास्टिङ चर्चित हुनुको पछाडि भने यसको अनौपचारिकता नै हो । यसको मतलब पडकास्टका लागि बोलाइने अतिथिसँग धेरै थरीका विषयमा भेटमा जस्तै सामान्य तरिकाले गरिने कुराकानी हुने गर्छ । पडकास्टलाई यति धेरै लोकप्रिय बनाउनुको पछि यसको समय पनि भूमिका छ । कुरा रोचक बन्दै जाँदा त्यसको समय पनि बढ्दै जाने र निश्चित समयभित्र सक्नै पर्ने बाध्यता नहुने भएकाले पडकास्टिङले धेरैको ध्यान तानेको देखिन्छ ।

पडकास्टिङ हर कोहीले गर्न सक्ने र सञ्चारमाध्यमले ध्यान दिन नसकेका तर सुन्न चाहेका अतिथि पनि ल्याउन सकिने भएकाले यसमा लाग्नेहरूको सङ्ख्या बढिरहेको छ । सानो स्टुडियोजस्तो बनाएर अथवा खुला ठाउँमै पनि सामान्य लगानीमा पडकास्टिङ गर्न सक्ने भएकाले यो सबैको पहुँचमा छ । हेडफोन, माइक्रोफोन, अडियो सम्पादन गर्न जान्ने सिप मात्रै भए पनि पडकास्टिङ गर्न सकिन्छ । त्यसमाथि अतिथिसँगको कुराकानीलाई रोचक बनाउन सक्ने सिप भए त धेरैले सुन्ने आधार पनि बन्छ । कानमा हेडफोन राखेर अनि अगाडि माइक्रोफोन राखेर कुराकानी गरेको भिडियो कतै देख्यौँ भने त्यो पनि पडकास्टिङ नै भनेर भाइबहिनीले बुझ्न सक्छौ । सजिलोसँग बुझ्दा पडकास्टिङका लागि खर्च कम हुने, समयको कुनै पाबन्दी नहुने, आफू अनुकूल अतिथि छनोट गर्न सकिने र रमाइला किसिमका कुराकानी बढी हुने हुँदा यसको लोकप्रियता बढ्दै गएको बुझ्न सकिन्छ ।

> हेडफोन, माइक्रोफोन, अडियो सम्पादन गर्न जान्ने सिप मात्रै भए पनि पडकास्टिङ गर्न सकिन्छ । त्यसमाथि अतिथिसँगको कुराकानीलाई रोचक बनाउन सक्ने सिप भए त धेरैले सुन्ने आधार पनि बन्छ ।

पडकास्टिङको चर्चा बढ्न थालेपछि यो आफैँमा पेसा पनि बन्दै गएको छ । ठुला मानिसले मात्र होइन साना भाइबहिनीले पनि पडकास्टिङ गरेर राम्रो आम्दानी गर्दै आएका प्रशस्त उदाहरण छन् । भाइबहिनीहरूसँग सम्बन्धित धेरै पडकास्टहरू भने कथा, कविता वाचनसँग बढी सम्बन्धित भेटिन्छन् । गर्ल टेल्स, स्टोरी सिड्स, न्युजी पुलुजी जस्ता पडकास्ट भाइबहिनीमाझ चर्चित पडकास्ट । भाइबहिनी आफैँले पनि आफ्नो रुचि अनुसार पडकास्ट सुरु गर्न सक्छौ । एक पटक प्रयास गरी हेर्ने कि ? ■





# कोइलीको बच्चा

# ‘हुर्काइदिन्छन् अरूले’

“सुगाले निर्णय सुनाए, हामी जङ्गलमा गुँड लगाएर बस्ने चराहरूले आजदेखि कोइलीको बच्चा कोरल्ने, खुवाउने, हुर्काउने काम गरिदिन हामी मञ्जुर भयौं। कोइलीले ढुक्क भएर आफ्नो काम गरे हुन्छ। चराहरूले आफ्ना फखेटा फट्फटाएर ताली पिटे।



गोपीचन्द्र कार्की

शनिबारको दिन थियो। प्रितिका र उनका बाबु घरनजिकैको जङ्गल छेउछाउ घुम्न गए। “प्रितिका रुखको हाँगामा हेर त, त्यो रुखको हाँगामा कुन चरा बसिरहेको हो ?” बाबाले सोध्नुभयो।

प्रितिकाले भनिन्, “सानो चरा त धोबी हो बाबा !” अर्को त मैले चिनिन। अर्को चाहिँ कोइली हो बाले भन्नुभो।

सानो चरा धोबीले त्यति ठुलो कोइलीलाई किन आहारा खुवाइरहेको, कोइलीको बाबुआमा छैनन् र ? प्रितिकाले बाबालाई सोधिन् ।

त्यसपछि, बाबाले हिँड्दै एउटा कथा सुनाउनुभयो।

धेरै पहिलेको कुरा हो। एउटा घना जङ्गलमा धेरै थरीका चराचुरुङ्गी एकआपसमा मिलेर बस्थे। हरेक वसन्त ऋतुमा सबै रुख बिरुवाले पालुवा फेर्थे। पालुवा चढेपछि सबै रुख राम्रा र हरिया देखिन्थे। चराहरू निकै रमाएर रुखका डाली डालीमा खेल्थे। चिरबिर चिरबिर आवाज निकालेर एकआपसमा खुब रमाउँथे। उनीहरूको आवाजले वन सङ्गीतमय हुन्थ्यो। त्यो वनमा धेरै काफलका ठुला ठुला रुखहरू पनि थिए। वसन्त ऋतु लागेपछि काफल लटरम्म फल्थ्यो। काफल धेरै चरालाई मन पर्थ्यो। जुरेली, सुगा, मैना जस्ता धेरै चरा वनमा काफल पाकेपछि आहारा खोज्न कतै जाँदैनथे। उनीहरूले खान नसकेका काफल भने झर्थे। कुहिएर जान्थे।

धेरै काफल झरेको देखेर एकदिन बुढो सुगाले काफल खान आएका चरालाई भन्यो, साथी हो यति मिठो वनको काफल हामीले मात्र खाई सक्दैनौँ । खाइनसकेका धेरै काफल झरेर कुहिएर जान्छन् । वनभन्दा टाढा रहेका सबै मानिसलाई काफल पाकेको खबर दिन पाए कति मज्जा हुन्थ्यो । उनीहरू पनि आएर मिठो काफल खान्थे । झरेर कुहिएर जानुभन्दा खाएको राम्रो हैन र ?

सुगाको कुरा जुरेलीलाई निकै मन पऱ्यो । हो नि, यत्रो वनभरिको काफल खेर जानु सट्टा सबैलाई काफल पाकेको सूचना दिनसके त राम्रै हुन्थ्यो । मानिसको बस्तीमा फलेका विभिन्न फल र अन्न पनि त हामी कति मिठो मानेर खान्छौँ । वनमा फलेको फल पनि उनीहरूलाई खुवाउन सके त हाम्रो सम्बन्ध झनै राम्रै हुन्थ्यो । डालीमा बसेर काफल खाइरहेको कोइलीले थप्यो, मानिसलाई कसरी थाहा दिने त ? रुखमा रहेका चराबिच बुढो सुगाले यसबारे छलफल गर्न एउटा बृहत् भेला बोलाउन छलफल डाक्यो ।

खबर गर्ने जिम्मा पाएका धोबीचरा, चिबे र जुरेलीले भोलिपल्ट झिसमिसे बिहानदेखि नै आफ्नो काम सुरु गरे । उनीहरूले वनभरि रहेका चरालाई भेलाको सूचना गरे । शनिबारको दिन थियो । जङ्गलको बिचमा रहेको तलाउनजिकै चराहरूको ठुलो भेला बस्यो ।

बुढो सुगाले सबैको स्वागत गरे । भेला बस्नुका कारणबारे बताए । काफल पाकेको खबर मानिसलाई कसरी दिन सकिएला ? जुरेलीले प्रश्न गऱ्यो । मैनाचरीले पनि काफलको विशेषता बताउँदै यसका गुणबारे कुरा राख्यो । जम्मा भएका सबै चराले यसबारे निकै छलफल गरे । अन्त्यमा उनीहरूले काफल पाकेको खबर गर्न सक्ने राम्रो स्वर भएको चरा छान्न चराहरूको स्वर परीक्षा लिने निर्णय गरे ।

सुगा, मैना, चिबे, धोबी, जुरेली, धेरै चराले स्वर परीक्षामा भाग लिए । कालो र नराम्रो भनेर सबैले लामकाले भनी गिज्याउने गरेको कोइली चरी स्वर परीक्षामा पहिलो भई । उसले वनमा पाकेको काफलबारे मानिसलाई थाहा दिन काफल पाक्यो.. काफल पाक्यो... भनेर आफू गाउँगाउँ घुम्ने कुरा राख्यो । सबै चरा उसले काफल पाक्यो..., काफल पाक्यो ..भनेर ठुलो आवाजमा मिठोसँग बोलेको सुनेर दङ्ग भए ।

अब काफल खेर नजाने भो । सबैले बाँडीचुँडी खान पाइने भो भनेर सबै खुसी भए । चराहरूले उसको बोलीको प्रशंसा गर्दै कामको जिम्मा लिन अनुरोध गरे तर कोइलीले भने यसबारे सोच्न एकरातको समय माग्यो । सबैले खुसीसाथ एउटै स्वरमा हुन्छ भने ।

भोलिपल्टको भेलामा कोइलीले भनी, साथीहरू, मलाई दिन लागेको कामका बारेमा रातभरि सोचेँ । मेरो पनि एउटा समस्या छ, साथीहरूले सुझाइ दिनुहुन्छ भने म यो काम गर्न तयार छु ।

सबैले के कुरा हो, के कुरा हो भनेर एउटै स्वरमा सोधे ।

म यसरी गाउँबस्ती, जङ्गल डुलिरहँदा मैले आफ्नो घर बनाउन र घरजम गर्न सक्दिनँ । मैले फुल पारेर बच्चा कोरल्न ओथारो बस्नेतिर लागेँ भने काफल पाकेको सूचना समयमा दिन सक्दिनँ । समयमा सूचना नगरे काफल वनभरि सडेर जान्छ । अनि बच्चाबच्चीको रेखदेख गर्न र हुर्काउने पनि समय हुँदैन । आजको भेलाले यसबारे पनि निर्णय लिई निकास निकालिदिए, म यो काम गर्न तयार छु । कोइलीले विनम्रता साथ सबैसामु आग्रह गरी ।

भेला भएका चराहरूबिच कोइलीको कुरा सुनेर निकै खैलाबैला भयो । बुढो सुगाले सबैलाई हल्ला नगरी शान्त भएर समाधानको उपायबारे आआफ्ना कुरा राख्न पालैपालो समय दिए । सबैले कुरा राख्ने क्रममा चतुर कागले आफ्नो भनाइ यसरी राख्यो, कोइली बहिनीले भनेको कुरा सोह्रै आना ठिक छ । कोइली हामी सबैको आफन्त भएकाले उनको बच्चा हामीले हुर्काइदिने वचन दिनु पर्छ । कागको कुरा नसकिँदै सानो धोबी चराले आफ्नो पखेटा फट्कार्दै बोल्यो, त्यो कसरी होला र ? आफ्नो बच्चा हुर्काउनु कि, त्यति ठुलो कोइलीको बच्चा हुर्काउनु ।

कागले बुढो सुगाको फेरि अनुमति लिँदै आफ्नो कुरा राख्यो ।

हामी आज यहाँ भेला भएका चरामध्ये जसका गुँडमा पनि कोइलीलाई फुल पार्न छुट दिनु पर्छ । हामीले फुललाई आफ्नै सम्झी कोरलेर, बचेरा आफ्नो खुट्टामा उभिन नसकुन्जेल, आफैँ खान नसकुन्जेल उसको हेरचाह गर्ने वचन दिनु पर्छ ।

चिबे चराले पनि कागको कुरामा सहमति जनायो ।

कागका कुरा सुनेर भेला भएका सबै चरा एकैसाथ हाँसे । समस्याको समधान गर्ने कागको बुद्धिको सबैले तारिफ गरे ।

अन्तमा बुढो सुगाले निर्णय सुनाए, हामी जङ्गलमा गुँड लगाएर बस्ने चराहरूले आजदेखि कोइलीको बच्चा कोरल्ने, खुवाउने, हुर्काउने काम गरिदिन हामी मञ्जुर भयौँ । कोइलीले ढुक्क भएर आफ्नो काम गरे हुन्छ ।

चराहरूले आफ्ना फखेटा फट्फटाएर ताली पिटे ।

त्यही सभाबाट कोइली आफ्नो सुरिलो स्वरमा वन जङ्गल र गाउँ गाउँ पुगेर काफल पाक्यो.. काफल पाक्यो... भन्दै डुल्न थाल्यो ।

त्यसपछि कोइलीले चराको गुँडमा रहेको फुल खाइदिएर, फालिदिएर आफूले फुल पारिदिन थाल्यो । चराहरूले पनि भेलाको निर्णय अनुसार आफ्नै सम्झी ओथारो बसे । बच्चा काढे । अनि कहिले सानो धोबी चराले, कहिले कागले, कहिले चिबे चरीले कोइलीका बचेरालाई आहारा खुवाउँदै, डुलाउँदै हुर्काउन थाले । ■

## फोटो फिचर

संयुक्त अधिराज्य (बेलायत) को एसियन कम्युनिटी सेन्टर, प्लमस्टेटमा नेपाली बालबालिकाका लागि आयोजित सांस्कृतिक कार्यक्रम प्रतिभा नक्षत्र २०२३ मा सहभागी बालबालिका नेपाली कला, संस्कृति, विभिन्न जातजाति र वेशभूषा झल्काउने पहिरनमा आआफ्नो उमेर समूहअन्तर्गत प्रतिस्पर्धाका लागि कला प्रस्तुत गर्दै ।

तस्बिर : कुशल श्रेष्ठ
















प्रतिभा नक्षत्र




# मेरो कुची



आर्थिक गुरुङ, कक्षाः ८
गैँडाकोट स्कुल, गैँडाकोट



आराध्या अर्याल, कक्षाः ५
टोडडलर्स स्कुल, बौद्ध, काठमाडौँ




देवना आचार्य, कक्षाः ५
सेन्ट मेरिज स्कुल, ललितपुर



सिवाङ्गस अर्याल कक्षाः १
किड्स स्कुल, दक्षिणढोका



रेहिशा राई, कक्षाः ६
रुबी भ्याली स्कुल, भक्तपुर




आरोन रिमाल, कक्षा ३
गोदावरी रेसिडेन्सियल स्कुल, ललितपुर




**आदर्श पौडेल, कक्षाः ६**
लिभरपुल स्कुल, शङ्खमूल, काठमाडौँ



**केरोन श्रेष्ठ, कक्षाः ४**
अन्नपूर्ण माछापुछ्रे स्कुल



**आराध्या न्यौपाने, कक्षाः १**
कान्जीरोवा नेसनल स्कुल, भक्तपुर




**आशिका फुयाँल, कक्षाः ५**
सुप्रिम एकेडेमी, भक्तपुर



**आदित्य फुयाँल, कक्षाः १०**
सैनिक स्कुल, भक्तपुर



**सौम्य श्रेष्ठ, कक्षाः ६**
दि एक्सेल्सियर स्कुल, काठमाडौँ



**निमा तामाङ, कक्षाः ६**
रुबी भ्याली स्कुल, भक्तपुर



**लरेन्स रञ्जितकार, कक्षाः १०**
वागीश्वरी मा.व, भक्तपुर



**अभिशा थिङ, कक्षाः ४**
भूमेश्वर मावि, सुनकोशी, सिन्धुली



**दीक्षा महर्जन, कक्षाः ४**
जेम्स स्कुल, ललितपुर



**आर्जित अधिकारी, कक्षाः ४**
जी एस निकेतन स्कुल, हेटौँडा



**हिमानी लामिछाने, कक्षाः ५**
कौशल बोर्डिङ स्कुल, तारकेश्वर




**आर्जित अधिकारी, कक्षाः ४**
जी एस निकेतन स्कुल, हेटौँडा



**मनोरम पाण्डे, कक्षाः ७**
सैनिक आवासीय महाविद्यालय, बर्दीबास



**रोशनी शर्मा, कक्षाः १**
सरस्वती मावि, टोखा, काठमाडौँ



**जयशराज आचार्य कक्षाः ७**
अध्ययन स्कुल, टोखा, सामाखुसी



**समीक्षा घिमिरे, कक्षाः ५**
गेटवे एकेडेमी, पेप्सीकोला, काठमाडौँ



**आरसी घिमिरे, कक्षाः ७**
ग्लोबल पब्लिक स्कुल, सिनामङ्गल



**आयुष्मा प्रजापति, कक्षाः ९**
वागीश्वरी मावि, भक्तपुर

चित्रकथा मुना

# म त ढुक्क भएँ !

शब्द : हरिशरण ढुङ्गाना
चित्र : राजेश मानन्धर









अलिअलि चिलाएको पनि छ । खासै आँखा मिचेको पनि छैन तर ...
हिजोआज कति मान्छेलाई यस्तो रातो भएको देखेको छु है । ओहो, तिम्रो त आँखा पाकेछ, होसियार गर है ।
आँखा नि पाक्छ त, मैले पकाएकै छैन कसरी पाक्यो हँ ?
यस्तो रोगलाई आँखा पाक्ने रोग पनि भन्दा रहेछन् । डाक्टरकहाँ जानुपर्छ है ।


म आजै जान्छु जँचाउन । आँखाको रोग त विशेष ध्यान दिनुपर्छ भन्छन् ।


खै हेरौँ, बर्सात्को वेला, रोगसँग लड्ने क्षमता कम हुन्छ, अनि भाइरसले आक्रमण गर्छ ।


यो के रोग हो त, डाक्टर साहेब ?


यसलाई एडिनो भाइरल कन्जङ्टिभाइटिस अथवा एलर्जिक कन्जङ्टिभाइटिस भनिन्छ । सबैले बुझ्ने भाषामा चाहिँ आँखा पाक्ने रोग नै हो ।



यो रोग लाग्दा के के हुन्छ त ?


सबैले सुन्नुहोस् है ।


मेरो त आँखा चिलाएको छ, बिहान आँखामा कचेरा वा चिप्रा बसेको हुन्छ ।


हो, आँखा पोल्ने, चिलाउने, रातो हुने, पिप जस्तो कचेरा धेरै आउने, उज्यालोमा हेर्नै नहुने हुन्छ ।
आँसु पनि आइरहन्छ, परेला पनि टाँसिन्छ, मलाई त डर लागेको छ डाक्टर साहेब !
केही हुँदैन, नआत्तिनुहोला । जाँच्न नआएको भए आँखाको नानीमा पनि घाउ भएर असर गर्न सक्थ्यो ।
कति दिनमा ठिक हुन्छ होला हगि ?


यो रोग लाग्दा एक दुई हप्तामा ठिक हुन्छ तर अरूलाई छिटै सर्छ ।
मेरो त एउटा आँखामा थियो । पछि अर्कोमा पनि आइहाल्यो, के गर्ने होला ?
घरका अन्य मानिसलाई पनि सर्छ कि क्या हो ?
स्कुलमा मेरो साथीलाई भएको थियो, त्यही मलाई पनि सरेको होला ?
हो, एउटा आँखाबाट अर्कोमा, एउटा व्यक्तिबाट अर्को व्यक्तिमा आँसुबाट यो रोग सर्छ ।


आँसुबाट ? कसरी ?


एडिनो भाइरस भएको बिरामीले आँखा छुँदा, रूमाल, टेबुल, मेक अपका सामान, मेच, कलम, किताबमामा पुग्छ र हातबाट आँखामा छुँदा सर्छ ।



कसरी बच्ने त ?


पाकेका आँखा नछुने, कालो चस्मा लगाउने, नजिकैको उपचार केन्द्रमा जँचाएर मात्र औषधी हाल्ने ।


हात पनि धुनुपर्ने रहेछ हगि ?
हो, धेरैजसो हातबाटै आँखामा पुग्ने त हो नि । कहिलेकाहीँ एलर्जी भएमा झन् असजिलो हुन्छ ।
आँखा धेरै पोलेको छ, के गर्ने होला ?
बरफ वा आइसले सेक्न हुन्छ तर पानी छ्याप्ने, हातले मिच्ने काम चाहिँ गर्नुहुन्न है ।
अरु के के हुन्छ त ?


आँखा पाके पनि आँखाले सामान्य काम चाहिँ गर्छ तर जथाभावी गरेमा आँखा के हुन्छ भन्न सकिन्न ।



मेरो आँखा केही हुन्छ कि के हो ?


ल, केही हुँदैन, म त आँखाकै डाक्टर हुँ नि त । म औषधी दिन्छु, यो आँखामा हाल्नू । तर डाक्टरले आँखाका लागि दिएको औषधीबाहेक अर्को औषधी आँखामा हाल्नुहुँदैन है ।


हवस्, म पनि रेखदेख गरिहाल्छु नि । अब छिमेकीका छोरालाई नि जँचाउन पठाइदिन्छु है ।


हो, जसलाई आँखा पाक्ने रोगको लक्षण देखिएको छ, उसले सजग भई
अरूलाई नसर्ने उपाय गर्नुपर्छ र जँचाई औषधी हाल्नुपर्छ ।


लौ बरबाद भएँ भनेको त ठिक हुन्छ भनेर म त ढुक्क भएँ ।


समाप्त

# फरक छुट्याऊ

राजेन्द्र श्रेष्ठ





# शुभ जन्मोत्सव



खुशी तामाङ
असोज ०४
गेटवे एकेडेमी, पेप्सीकोला



सेन्सा राई
असोज २६
गेटवे एकेडेमी, पेप्सीकोला



श्रेया भट्ट
असोज १२
गेटवे एकेडेमी, पेप्सीकोला



शुभम पटेल
असोज २३
गेटवे एकेडेमी, पेप्सीकोला



सोनिया भुजेल
असोज १५
गेटवे एकेडेमी, पेप्सीकोला



अनुज विष्ट
असोज ०७
गेटवे एकेडेमी, पेप्सीकोला



हेमा लामा
असोज २०
गेटवे एकेडेमी, पेप्सीकोला



निश्चल कार्की
असोज १३
गेटवे एकेडेमी, पेप्सीकोला



जेनित तामाङ
असोज १९
गेटवे एकेडेमी, पेप्सीकोला



रचना पकुवाल
असोज १
गेटवे एकेडेमी, पेप्सीकोला



विहम यादव
२०७६/०५/०१
किड्स किन्डरल्यान्ड, भक्तपुर



दियश भट्ट
२०७४/०६/१७
नवोदय शिशु, हेटौंडा



प्रसित घिमिरे
२०७२/०६/०२
भक्तपुर



इन्जाश्री भट्टराई
२०७९/०६/२१
हाल : अस्ट्रेलिया



अदिती ढुङ्गाना
२०७९/०६/३१
बुढानीलकण्ठ



साध्वी अधिकारी
२०७०/०६/२७
एनबीएफए, बुढानीलकण्ठ



जाहन्वी अधिकारी
२०७६/०६/२५
एन्जेल्स होम्स



जिनु वज्राचार्य
२०७०/०६/१०
साउथ वेस्टर्न स्कुल, म्हेपी



आविष्कार ज्ञवाली
२०७५/०६/२३
बागबजार, काठमाडौं



लिना पुर्जा
२०७४/०६/०१
कखरा मन्टेश्वरी काठमाडौं

# शीर्षक के हो





अनिता कोइराला

'आज त शनिबार । या हु ! स्कुल जानु पनि पर्दैन आज त ! हजुरआमा ! मिसले भनेको मेरो आइतबारको गृहकार्य 'शनिबार हजुरआमासँगको यात्रा' भन्ने शीर्षकमा केही लेखेर ल्याउनु भन्नुभएको छ । खाना खाएर हजुर र म पार्कतिर घुम्न जाने ल । शनिबारको दिन हजुरआमालाई लिएर नजिकैको पार्कमा घुम्न जाने योजना हिजै बनाइसकेको थियो मानसले । झन् मिसले नै गृहकार्य नै दिएपछि मानसको खुट्टा भुइँमा थिएनन् । मानसका कुरा सुनेर हजुरआमाले हाँस्दै भन्नुभयो, "म बुढी मान्छेसँग पनि



के रमाइलो लागेको होला यसलाई ? म थोत्री बुढीसँग पनि के विधि रमाउँछ यो जिरे ! मसँग पनि के घुम्न जानु, बरु आफ्नै बाआमासँग जाउ न अलि पर है बाबु ! "हजुरआमाको मुखबाट यति मात्र के सुनेको थियो मानस त क्वाँ क्वाँ गरेर घरै उचालेर रुन पो थाल्यो ।

मानस त्यसरी रोएको देखेर हजुरआमाको मनमा भुइँचालो गयो । अनि खप्न नसकेर मानसलाई चपक्क समाउँदै छातीमा टाँसेर हजुरआमाले माया गर्दै भन्न थाल्नु भयो, "मेरो राजा ! नरोउ, मैले त उसै जिस्किएर पो भनेकी त, म गइहाल्छु नि मेरो नातिसँग, बित्थामा मेरो राजाको मुटु कुँडुल्कियो ।" हजुरआमाले पार्कमा जाने भनेपछि मानसका मुहारमा पुनः सूर्य उदाए ।

खानासाना खाएर हजुरआमा र नाति पार्कतिर खुसी हुँदै हिँडे । सानो सानो खाजाको पन्तुरो पनि हजुरआमाले सुटुक्क बोक्नु भएको छ । मानसले पनि हजुरआमालाई खोकी लाग्छ भनेर तातोपानीको बोतल झुन्ड्याएको छ । हिँड्दा हिँड्दै बाटोमा एउटा दृश्य देखेर मानस छक्क पर्दै हजुरआमालाई सोध्न पुग्छ, " हजुरआमा हजुरआमा त्यो सेतो छडी बोकेर हिँडेका मान्छे को हुन्, अनि किन त्यो सेतो छडीले बाटोमा टक टक पार्दै हिँडेका ?"

मानसको टाउको मुसार्दै हजुरआमाले लामो सास फेरेर भन्न थाल्नुभयो, "आँखामा विभिन्न कारणले विभिन्न समास्या भएको हुन्छ बाबु मान्छेलाई । कसैले त फिटिक्कै आँखा देख्न सक्दैनन् नि । कसैले मधुरो मात्र देख्छन् । त्यसैले बाटो हिँड्दा यस्ता मान्छेले सेतो छडीको प्रयोग गर्छन् ।"

मानस अझ छक्क पर्दै हजुरआमाको मुखमा हेरेर कुतूहलको भावले बोल्यो, " अनि हजुरआमा त्यो सेतो छडीले भुइँमा छोएपछि बाटो देखिन्छ त ?" हजुरआमा कम्मरमा हात राख्दै हाँस्न थाल्नुभयो ।

बाटोको छेउमा आउने जाने मान्छेलाई आराम गर्न भनेर बेन्चहरू राखिएको थियो । हजुरआमा नजिकैको एउटा बेन्चमा थचक्क बस्दै खुइय्य गरेर मानसलाई सेतो छडीको महिमा सम्झाउन लाग्नुभयो, "सेतो छडी लिएर हिँड्ने मान्छेको ध्यान आफ्नो गन्तव्यमा मात्र हुन्छ बाबु । बाटोमा हिँड्दा नराम्रो बाटोलाई छोडेर राम्रो बाटोको खोजिमा हुन्छन् । आफ्नो मार्गभन्दा बाहिर उनीहरू जाँदैनन् । त्यसैले उनीहरू सजिलै हिँड्न

सक्छन् । छडीले मार्गनिर्देशन गर्छ बाबु, सही बाटो देखाउँछ, छडीले मान्छेलाई भड्किन दिँदैन ।"

हजुरआमा बोल्दै हुनुहुन्थ्यो । बाटोमा उत्तिनै खेर दुई जना जवान युवाहरू विपरीत दिशाबाट आउँदैथिए । दुवैका आँखा बाटोमा थिएनन् । दुवै मस्त थिए आआफ्नो मोबाइलमा । बाटो अगाडिको खाल्टो पनि देख्न सकेनन् । बडेमानको बिजुलीको खम्बा पनि देख्न सकेनन् । अनि खुर्मुरिँदै नजिकैको पोलमा गएर नराम्रोसँग ठोक्किए । ड्याम्म आवाज आयो । दुवै एकअर्कामा बजारिन पुगे । हेर्दाहेर्दै दुवै जना हुत्तिँदैभुइँमा घोप्टो परेर लडे । मानसले गएर दुवै जनालाई उटाउन खोज्यो तर बेसोमती केटाहरू जुरुक्क उठेर एकआपसमा झगडा पो गर्न थाले । मानस वाल्ल परेर दुवैको झगडा सुन्दै थियो ।

"आँखा हेरेर हिँडन जान्दैनस् । भर्खरै किनेको मेरो मोबाइल फुटेको भए मैले तँलाई तोरीको फूल देखाउने थिएँ ।" अर्को झन् सुरिएर बोल्दै थियो )

"तेरो चैँ आँखा गोजीमा राखेर हिँडेको थिइस्, तेरोभन्दा महँगो मोबाइल त मेरो हो । मेरो मोबाइल फुटेको भए, मैले तेरो टाउकोसाउको फुटाउने थिएँ, बुझिस् ।"

मानस छक्क पर्दै बोल्यो

"दादा ! ए दादा ! हजुरहरू पनि बरु सेतो छडी लिएर हिँड्नुस् न । हजुरआमाले भनेको सेतो छडीले बाटो देखाउँछ रे, मान्छेहरू लड्दैनन् रे । सेतो छडीले

> 'बाबु हामीबाट गल्ती भयो । यो सबै बाटोमा मोबाइल हेरेर हिँड्दा भएको दुर्घटना हो, अबदेखि बाटोमा मोबाइल नहेर्ने वाचा गर्छौं । तिमी यति सानो भएर पनि कति गहिरो कुरा गर्न सकेको । तिमीलाई यस्तो गम्भीर कुरा कसले सिकायो हँ बाबु ?'

राम्रो बाटो मात्र हेर्न सिकाउँछ रे । " दुवै केटा मानसको कुरा सुनेर बढो लज्जित हुँदै एकअर्कालाई हेरेर लाजले भुतुक्क भए । मानसलाई प्रेमिल नजरले हेरेर केही वाचा गरेझैं गरे, "बाबु हामीबाट गल्ती भयो । यो सबै बाटोमा मोबाइल हेरेर हिँड्दा भएको दुर्घटना हो, अबदेखि बाटोमा मोबाइल नहेर्ने वाचा गर्छौं । तिमी यति सानो भएर पनि कति गहिरो कुरा गर्न सकेको । तिमीलाई यस्तो गम्भीर कुरा कसले सिकायो हँ बाबु ? दुवै जनाले मानसको टाउकोमा हात घुमाउँदै मानसको कपाल सुम्सुम्याए । उ मेरो हजुरआमाले । हजुरआमा वरै बसेर तीनै जनाका कुरा सुन्दै मुसुमुसु हाँस्दै हुनुहुन्थ्यो । ■

## 'शीर्षक के हो ?' प्रतियोगिता - ७५

शीर्षक : ........................................

नाम : ..........................................

कक्षा : ...............

विद्यालय : ....................................

ठेगाना : .......................................

नियम :

१. माथि दिइएको कथाका लागि सुहाउँदो शीर्षक पठाउनुहोला ।
२. शीर्षक छोटो हुनुपर्नेछ ।
३. यस प्रतियोगितामा कक्षा १० सम्मका विद्यार्थीले मात्र भाग लिन पाउनुहुनेछ ।
४. सबैभन्दा सुहाउँदो शीर्षकका लागि पुरस्कारको व्यवस्था छ ।

कुपनमा शीर्षक भरेर २०८० साल कात्तिक ५ गतेसम्ममा मुना मासिकको कार्यालयमा आइपुग्नुपर्नेछ ।

## 'शीर्षक के हो ?'- ७३ प्रतियोगिताको परिणाम :

मुना मासिकको २०८० साउन महिनामा प्रकाशित 'शीर्षक के हो ?'-७३ प्रतियोगिताका लागि प्राप्त शीर्षकमध्ये निम्नलिखित शीर्षक सर्वोत्कृष्ट भएको छ :

शीर्षक : **उपदेश**

प्रेषक : प्रियंका चापागाइँ

कक्षा : ६

विद्यालय : शुभारम्भ मा.वि.

ठेगाना : गणेशस्थान, काठमाडौँ ।

विजयी सहभागीलाई पुरस्कारका लागि मुना मासिकको कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।



साथीहरू, मलाई तस्बिर खिच्न एकदमै मनपर्छ । केही चाडपर्व र केही समारोह भयो भने त आमाको मोबाइल मसँगै हुन्छ ।

मैले मेरो घरनजिकै रहेका विभिन्न कुरालाई मोबाइलले खिचेर मुना मासिकमा पठाएकी छु ।

तपाईंहरू पनि आफूलाई तस्बिर खिच्न मन पर्छ भने खिच्ने गर्नुस् । यस्तो गर्दा सिक्न पनि सजिलो हुन्छ । मैले त अरू साथीहरूले खिचेका तस्बिर पनि हेर्ने र सिक्ने गरेको छु ।

भित्री मनबाट तस्बिर खिच्न इच्छा लाग्यो भने घरबाहिर जता पनि खिच्न सकिन्छ । अहिले फेरि पानी पर्ने र हरियाली हुने सिजन भएकाले तस्बिर पनि राम्रा आउँछन् ।



समृद्धि पौडेल
*कक्षा: ५*
*दीप बोर्डिङ हाइस्कुल*
*सुक्खानगर, बुटवल, रूपन्देही*





# रङ भरौं



तल दिइएको चित्रलाई रङ्गीन बनाउनुहोस् र कोठामा सजाउनुहोस् ।



बालकसँग
स्रष्टा संवाद

# बालसाहित्य बालबालिकाको अभिन्न मित्र



साथीहरू मुनाको असोज अङ्कका लागि हामी नेपाली बालसाहित्यका क्षेत्रमा बालबालिकाका लागि धेरैभन्दा धेरै पुस्तक प्रकाशित गरिसक्नुभएका बालसाहित्यकार तथा सम्पादक यशु श्रेष्ठका बारेमा रमाइलो कुरा गर्ने छौँ है । उहाँको १६० साठीभन्दा बढी बाल पुस्तक प्रकाशित भइसकेका छन् । उहाँका पुस्तकहरू अति नै रमाइला रमाइला खालका सचित्रसहितका बालबालिकाले पनि रुचि राखेर हेर्ने र पढ्ने खालका छन् । त्यसैले त हामी यो बालसाहित्यको क्षेत्रमा उहाँका नयाँ नयाँ सिर्जना देख्न सक्छौँ । साथीहरू उहाँहरू हामी जस्तै बालसाहित्यमा रुचि हुनेहरूका लागि चर्चित कथावाचक पनि हुनुहुन्छ् । उहाँले देशका धेरै जिल्लामा कथालेखन, कथावाचन, भित्तेपत्रिका लेखन, सिर्जनशील लेखन, शैक्षिक सामग्री निर्माणलगायतका तालिमहरू बालबालिका, शिक्षक र अभिभावकका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिरहनुभएको छ । शब्दविहीन चित्रकथा, मात्रा अनुसार (डिकोडेबल बुक) को चित्रकथालाई पहिलो पटक नेपाली बजारमा ल्याउने उहाँ नै पहिलो सर्जक पनि हुनुहुन्छ । साथीहरू अव हामी विस्तृतमा उहाँको बाल्यकाल र समसामयिक अहिलेको अवस्थामा नेपाली बालसाहित्यका बारेमा उहाँसँग गरिएको रमाइलो संवाद पढौ है त ।

**■ ठुला उमेरका मानिसले हामी सानाका लागि कसरी लेख्न सकिन्छ ?**

म साना उमेरका नानीबाबुसँग सङ्गत गर्छु, घुलमिल हुन्छु । उनीहरूका लागि र उनीहरूद्वारा लेखिएका रचना पढ्छु, उनीहरूका व्यवहारहरू हेर्छु, सोध्छु । यसरी किताब र बालबालिकाका व्यवहार दुवैको अध्ययन गर्ने गर्दा उनीहरूका लागि लेख्न सकिँदोरहेछ ।

**■ हजुरले लेख्नु भएको पुस्तक पढेर हामी रमाउन पाएका छौँ, हजुर सानो बेलामा कसरी के के पढेर रमाउनु हुन्थ्यो ?**

खासै भन्ने हो भने हामीले यसरी बालपुस्तक पढ्न पाएनौँ, हामी साना साना बालबालिका मिलेर पाँच पाँच रुपियाँ रकम उठाएर राजमार्गनिरका चौकमा जान्थ्यौँ । त्यहाँबाट एउटा, दुइटा किताब किनेर ल्याइ पढ्थ्यौँ । पछि त साहित्यिक प्रतियोगितामा पुरस्कृत हुन थालियो । पढ्ने बानी बढ्दै गयो ।

**■ हजुरलाई बालसाहित्यकै क्षेत्रमा रुचि कसरी जाग्यो होला ?**

सानै उमेरदेखि असल संस्कार र संस्कृति दिन सकियो भने न ठुलो भएपछि पनि असल हुन सकिन्छ । यही सोचेर साना बाबुनानीका लागि लेख्न थालेँ ।

**■ हजुरले त बालसाहित्यमा नयाँ नयाँ प्रयोग पनि गर्नुभएको छ, त्यो किन आवश्यक छ ?**

हो, नेपालमा नै नभएको शब्दविहीन चित्रपुस्तक हामीले नै नेपालमा सुरु गर्‍यौँ । डिकोडेबल बुक, चित्रशब्द, शब्दचित्र जस्ता पुस्तक आदि आदि हामीले लेख्यौँ । अनि तपाईंहरूले पढेर रमाउन पाउनुभएको छ । बालबालिकाका लागि नयाँ कुरा हो । समय अनुसार नयाँ कुरा बुझ्ने, पढ्ने गरे पो नयाँ कुरा थाहा हुन्छ ।

**■ साहित्य लेख्नचाहिँ कसरी र कहिले सुरु गर्नुभयो नि ?**

विद्यालयका गुरुको प्रेरणामा म कक्षा ८ पढ्दा जानी नजानी कविता लेखेथेँ । त्यही बेलादेखि कविता प्रतियोगितामा भाग लिन थालेँ । अरूलाई सुनाउन थालेँ । गुरु, गुरुआमाले उत्साह र हौसला दिनु हुन्थ्यो । अनि त झन् झन् लेख्न थालेको म लेखेको लेख्यै भएँ ।

**■ हामी त आजकल इन्टरनेटमा बढी खेल्छौँ, पढ्छौँ । इन्टरनेटमा खेल्नु पढ्नु र भौतिक रूपमा खेल्नु पढ्नु कुन राम्रो हो ?**

"नेपालमा नै नभएको शब्दविहीन चित्रपुस्तक हामीले नै नेपालमा सुरु गर्‍यौँ । डिकोडेबल बुक, चित्रशब्द, शब्दचित्र जस्ता पुस्तक आदि आदि हामीले लेख्यौँ । अनि तपाईंहरुले पढेर रमाउन पाउनुभएको छ । बालबालिकाको लागि नयाँ कुरा हो । समय अनुसार नयाँ कुरा बुझ्ने, पढने गरे पो नयाँ कुरा थाहा हुन्छ ।

इन्टरनेटमा पढ्नु, खेल्नु नराम्रै त होइन तर यसमै झुमिरहनु त राम्रो होइन । पुस्तक पढ्दा आँखाको स्वास्थ्य, पठन क्षमताका वृद्धि, पुस्तकका पाना पल्टाउँदाको मजा, यसको सजिलोपना, अक्षर र शब्दसँगको मित्रता, पुस्तकको स्पर्शले दिने आनन्द आदि आदि कुरा यसका साह्रै सकारात्मक पक्ष छन् ।

**■ पुस्तकका के कुराले बालबालिकालाई बढी खुसी दिन्छ ?**

पढ्दा रमाइलो होस् । मनमा छोओस् । दिमागलाई भार नपरोस् । आहा, यो रचना त मेरै लागि वा मेरै साथीका लागि लेखिएको रहेछ, कस्तो पढौँ पढौँ लाग्ने रहेछ भन्ने भयो भने, शब्द, विषय, भाषाशैली र प्रस्तुति अनि रङ, आकार आदि मनपर्ने भयो भने त खुसी दिइहाल्छ नि हैन ? बालसाहित्य त बालबालिकाको मिल्ने, खुसी दिने अभिन्न मित्र हो नि ।

**■ लेख्न रुचाउने हामी जस्ता बालबालिका कसरी अघि बढ्न सकिन्छ ?**

पहिला धेरै बालपुस्तक अध्ययन गर्नुस् । जति जानिन्छ लेख्न थाल्नुस् । लेखेका कुरा साथीभाइ, गुरु र अभिभावकसँग साझा गर्नुस् । रचनालाई प्रकाशन गर्न दिने, समूहमा सुनाउने गर्नुस् ।

**■ बालबालिकाका लागि लेख्दा बिर्सनै नहुने कुरा के के हुन् नि ?**

बालबालिकाको उमेर, समय र परिवेश अनुसारको रुचि, बालमनोविज्ञान र बाल व्यवहारलाई विशेष ख्याल राख्नुपर्छ ।

**गृष्मा कर्माचार्य**
**कक्षाः ८**
**इम्पेरियल वर्ल्ड स्कुल, हात्तीगौँडा**

# भविष्य बनाउँदै गुलसन



प्रजित शाक्य



> एसिया कपलाई क्रिकेटमा मिनी वर्ल्ड कप पनि भनिन्छ । त्यसैले पनि पहिलो पटक यस प्रतियोगितामा खेल्दै गरेको नेपालका बारेमा ठूलो चर्चा भयो । अझ नेपाली टिमका खेलाडीमध्ये अलराउन्डर गुलसन झा चर्चाको विषय बन्यो ।

भाइबहिनीहरू, हो तिमीहरूले हालै एसिया कप क्रिकेटमा नेपालले भारत र पाकिस्तानसँगको खेल हेर्‍यौ होला । नहेरेको भए पनि पक्कै पनि यी खेलबारे सुनेको हुनु पर्छ । एसिया कपलाई क्रिकेटमा मिनी वर्ल्ड कप पनि भनिन्छ । जुन प्रतियोगितामा विश्व क्रिकेटकै नजर हुन्छ । त्यसैले पनि पहिलो पटक यस प्रतियोगितामा खेल्दै गरेको नेपालका बारेमा ठुलो चर्चा भयो । अझ नेपाली टिमका खेलाडीमध्ये अलराउन्डर गुलसन झा चर्चाको विषय बन्यो ।

त्यो किन थाहा छ, गुलसनको उमेर मात्र १७ वर्षको छ । उहाँ एसिया कपमा खेल्ने कान्छा खेलाडी थिए । यति कम उमेरमा पनि गुलसन राष्ट्रिय टिमका एक प्रमुख खेलाडीका रूपमा नेपाली टिममा थिए ।

त्यसैले विश्वकै सर्वोच्च क्रिकेट संस्था आइसिसीले विश्वकै उदीयमान खेलाडीमध्ये एक र एसिया कपमा चम्कन सक्ने खेलाडी भन्दै गुलसनको समाचार छाप्यो । यस लेखमा उनै प्रतिभाशाली तथा नेपाली क्रिकेटको भविष्यका रूपमा हेरिएका गुलसनका बारेमा तिमीहरूलाई जानकारी दिने छु ।

गुलसनको जन्म सन् २००६ फेब्रअरी १७ तारिखमा सर्लाहीको मलङ्गवामा भएको हो । उनका बुवा अखिलेशकुमार क्रिकेटमा निकै रुचि राख्नु हुन्थ्यो । त्यसैले गुलसनले पनि सानैदेखि क्रिकेट खेल्ने वातावरण र सहयोग पाए । गुलसनमा क्रिकेट खेल्ने प्रकृतिप्रदत्त गुण थियो । उनको प्रतिभा देखेर ८ कक्षामा हुँदा उनका बुवाले गुलसनलाई भारतमा रहेको अरुणोदय क्रिकेट एकेडेमीमा भर्ना गरिदिनुभयो ।




गुलसन बलिङ मात्र होइन ब्याटिङ पनि उत्तिकै गर्न सक्छन् । अझ बायाँ हातले ब्याटिङ गर्ने हुँदा गुलसनको ब्याटिङ निकै आकर्षक देखिन्छ तर विशेष रुपमा मेयर्स कपमा उनले फालेको तेज गतिको बलले गुलसनको चर्चा भएको हो ।

त्यहींबाट गुलसनले क्रिकेटको ज्ञान प्राप्त गरे । गुलसन चार वर्ष सो एकेडेमीमा रहेका थिए ।

नेपाल फर्केपछि उहाँले आफ्नो प्रदेश–२ का लागि घरेलु क्रिकेट खेले । सो प्रतियोगितापछि उहाँको काठमाडौं आउने ढोका खुल्यो । उहाँ काठमाडौंमा नेक्सस क्रिकेट एकेडेमीमा प्रशिक्षण गर्न पुगे । नेक्सस क्रिकेट एकेडेमीमा अभ्यास गरिसकेको समयमा नेपाल पुलिस क्लबका क्रिकेट प्रशिक्षकका नजरमा गुलसन पर्नुभयो । सो अभ्यासमा ६.१ इन्च अग्ला किशोर उमेरका बलरले तेज गतिमा बल फ्याँकिरहेको देखेर पुलिस टिमले तुरुन्तै गुलसनलाई नेपालको ठुलो क्रिकेट प्रतियोगितामध्ये एक मेयर्स कपका लागि आबद्ध गऱ्यो ।

गुलसनले आफ्नो पहिलो खेलमा नै पुलिस क्लबका लागि नायक बने । फाइनलमा पनि गुलसन 'म्यान अफ दी म्याच' बनेपछि पुलिसले बलियो मानिएको एपीएफलाई सजिलै हराएर च्याम्पियन नै बन्यो । यस प्रतियोगितामा गुलसन सबैका लागि सरप्राइज प्याकेट बन्यो । मेयर्स कपबाट नेपालले एक होनहार क्रिकेटर प्राप्त गऱ्यो ।

गुलसन बलिङ मात्र होइन ब्याटिङ पनि उत्तिकै गर्न सक्छन् । अझ बायाँ हातले ब्याटिङ गर्ने हुँदा गुलसनको ब्याटिङ निकै आकर्षक देखिन्छ तर विशेष रूपमा मेयर्स कपमा उनले फालेको तेज गतिको बलले गुलसनको चर्चा भएको हो । यसअघि नेपाली क्रिकेटमा गुलसनले जस्तो तेज गतिमा बाउन्सर फाल्न सक्ने बलर देखिएको थिएन ।

गुलसनको यो क्षमता असाधारण थियो । उनको सो प्रदर्शनलाई फाइनल हेर्न त्रिवि क्रिकेट मैदान पुगेका सो समयका नेपाली राष्ट्रिय क्रिकेट टिमका प्रशिक्षक डेभ ह्वाटमोरले नियालिरहनुभएको थियो । सो समय विश्वकप क्रिकेट लिग २ अन्तर्गत अमेरिका र ओमानसँग खेल्न नेपाली टिमको बन्द प्रशिक्षणको घोषणा हुन लागेको थियो । प्रशिक्षक ह्वाटमोरले अनपेक्षित रूपमा गुलसनलाई पनि राष्ट्रिय टिमको बन्द प्रशिक्षणमा बोलाइहाल्नु भयो ।

सो बन्द प्रशिक्षणमा राम्रो गरेपछि गुलसन नेपालको सिनियर टिममा पनि परे । जसको कल्पना गुलसनले पनि गरेका थिएनन् । गुलसनले पहिलो पटक राष्ट्रिय क्रिकेट प्रतियोगिता खेलेको छ महिनापछि नै राष्ट्रिय टिममा स्थान बनाउने क्रिकेटर हुन् । सरसर्ती हेर्दा गुलसनलाई हामी भाग्यमानी क्रिकेटर पनि भन्न सक्छौं ।

गुलसनले सन् २०२१ सेप्टेम्बरमा अमेरिकाविरुद्ध खेलेर पहिलो पटक राष्ट्रिय टिमा पदार्पण गरे । जहाँ उनले आफ्नो छाप पनि छोडे । त्यसपछि त गुलसन राष्ट्रिय टिममा निरन्तर जस्तै छन् । यसबिच गुलसनले २४ एकदिवसीय अन्तर्राष्ट्रिय खेल खेलिसके । उनले २१ विकेट लिएका छन् । ४८८ अन्तर्राष्ट्रिय एकदिवसीय रन बनाएका छन् । टी–२० अन्तर्राष्ट्रिय पनि खेलिसकेका छन् । छ महिनाअघि मात्र गुलसनले नेपालको क्रिकेट इतिहासकै सबभन्दा महत्त्वपूर्ण पालि खेलेका थिए । आइसिसी विश्व क्रिकेट लिग २ को अन्तिम खेलमा गुलसनकै अर्धशतकीय पालिले नेपाल जित हासिल गरेर विश्वकप छनोटमा स्वतः पुग्न योग्य बनेको थियो । त्यसैले हामी भन्न सक्छौं, यति सानै उमेरमा क्रिकेटको गुलसनको कद धेरै अग्लो भइसकेको छ । ▪





## साइबर अपराध

साइबर अपराध भनेको कम्प्युतर वा कम्प्युटर नेटवर्कमा संलग्न हुने अपराध हो। कम्प्युटर अपराध गर्न प्रयोग भएको हुन सक्छ, वा यो निशाना हुन सक्छ। साइबर अपराधले कसैको सुरक्षा वा वित्तमा हानि पुर्‍याउन सक्छ। साइबर अपराधीहरूले अहिले पनि ठूलो पैसा कमाउनको लागि सजिलो बाटो रोज्छन्। तिनीहरू धनी व्यक्तिहरू वा बैंकहरू, क्यासिनोहरू, र वित्तीय फर्महरू जस्ता धनी संस्थाहरूलाई लक्षित गर्छन् जहाँ दैनिक ठूलो मात्रामा पैसा प्रवाह हुन्छ र संवेदनशील जानकारी ह्याक गर्दछ। त्यसैले यस्ता अपराधीलाई पक्रन गाह्रो हुन्छ।



सिद्धिका थापा
*कक्षा: १०, इनोभेटिभ स्कुल*
*शंखमूल, काठमाडौं*

# कोपिला



## आमा

*नौ महिना कोखमा राखी हुर्कायौ आमा मलाई*
*सकिँदैन बिर्सिन हजुरको माया र ममतालाई*
*आमा तिमीले मेरो लागि धेरै कष्ट सह्यौ*
*राति राति म रुँदा सधैँ तिमी बिउझियौ ।*

*तिमीले हामीलाई हुर्काउन धेरै पसिना बगायौ*
*म एक्लै भएका बेला साथी बनी हसायौ*
*तिमीले मेरो गल्तीमा सधैँ माफी दिन्छौ*
*मलाई चाहिएका सबै कुरा तिमीले पुऱ्याउँछौ ।*

*तिमीलाई सबैले भन्दछन् ममताकी खानी*
*तिमी नै हो आमा मेरी मुटुकी रानी*
*तिमीले मलाई असल बानी सिकायौ*
*मेरो हरेक परिस्थितिमा साथ दियौ ।*

*तिमीले मेरो जिम्मेवारी लियौ*
*सत्य बोल्नु पर्छ भनी सिकायौ*
*तिमीले सिकाएका कुरा बुझ्ने छु*
*जीवनमा सफल मानिस भएर देखाउने छु ।*



जेस्मिन श्रेष्ठ
***कक्षाः ७, सैनिक विद्यालय***
***बर्दीबास***

## रमाइलो मुना

*साना मिठा ठुला राम्रा*
*चित्र कथा लेख ।*
*छोटा मात्र भए पनि*
*लेख्न थालेँ गीत ।*

*रङ्गीचङ्गी चित्र कोर्न*
*सिकेकी छु मैले ।*
*कविता र कथा पनि*
*वाचन गर्छु जहिले ।*

*पुस्तक पनि पढ्छु मैले*
*गीत पनि गाउँछु ।*
*थोरै थोरै मैले त*
*गजल पनि लेख्छु ।*

*पौराणिक कथा पढ्छु*
*लेख पनि पढ्छु ।*
*प्रविधिका बारे मैले*
*थोरै जानेकी छु ।*

*रमाइलो संसारमा*
*मज्जाले घुमियो ।*
*मुनाको चित्रकथा*
*मिलेर पढियो ।*

*मुनाका प्रतियोगिता पनि*
*सधैँ खेल्ने गर्छु ।*
*रमाइलो मुना पढ्दा*
*सधैँ खुसी हुन्छु ।*



श्रेया शाही
***कक्षाः ९, वागीश्वरी माध्यमिक विद्यालय***
***च्याह्मासिंह, भक्तपुर***

पौराणिक कथा

# घमण्डको नतिजा





कमल रिजाल

> `धत् लाटी ! तिमी पनि कति सुधी । भगवान्लाई अहिलेसम्म कसैले सम्पत्तिसँग तौल्न सकेका छन् र तिमीले सक्छ्यौ ? उनलाई खुसी पार्न कुनै सुनचाँदीले सक्दैन बुझ्यौ ? यसका लागि त उनकै सबैभन्दा प्रिय वस्तुको आवश्यकता पर्छ । आऊ त्यतै लागौं ।'

भगवान् कृष्णकी पत्नी सत्यभामा जति राम्री थिइन् उनमा रूपको घमन्ड पनि त्यति नै बढी थियो । उनी आफूलाई संसारभरिकै सुन्दरी ठान्थिन् र कसैलाई पनि गन्दिन थिइन् । यहाँसम्म कि स्वयम् भगवान्कै अन्य पत्नीलाई समेत भाउ दिन चाहन्नथिन् । उनको आशय थियो आफू सबैभन्दा राम्री भएकीले भगवान् कृष्ण सधैं आफैँसँग बसून्, आफ्नै दरबारको कैदी बनून् तर भगवान् कृष्ण किन त्यस्ता हुन्थे र । उनका अन्य धेरै काम थिए । उनको कृपाबिना स्वयम् माता यशोदाको प्रेमले समेत उनलाई बाँध्न सकेको थिएन भने सत्यभामाको प्रेमको के कुरा भयो र । उनी भगवान् कृष्णलाई प्रेमको डोरीले जति कस्न चाहन्थिन् कृष्ण त्यति नै परपर हुने गर्थे । यसबाट हत्तु भएर एक दिन नारद ऋषिलाई बोलाएर भनिन्–

“नारदजी ! तपाईं त त्रिकालदर्शी हुनुहुन्छ । स्वर्ग र मर्त्यका कुरासमेत जान्नुहुन्छ । यी कृष्ण हेर्नुस् न कस्ता निष्ठुरी । जति नजिक बनाउन खोज्छु उति भाग्न खोज्छन् । लौन कुनै उपाय बताइदिनुस् ताकि यिनलाई सधैँभरि आफ्नै अँगालोमा बाँधेर राख्न सकुँ ।”

नारदजीलाई सत्यभामाको कुरा बुझ्न बेर लागेन । उनले मुसुक्क हाँस्दै भने–

‘उपाय त छ माताजी ! तर कठिन छ ।'

‘कठिन छ ?'

‘हो माताजी ! कठिन छ ।'

‘के हो त्यो भन्नुहोस् न ।'

'यसमा तपाईं नै अघि सर्नुपर्छ, तपाईंले नै केही गर्नु पर्छ ।'

'मैले नै ?'

'हो, तपाईंले नै ।'

'के हो भन्नुस् त्यस्तो ?'

'सक्नु होला र पूरा गर्न ?'

'भगवान्लाई सधैँ बाँधेर राख्न सकिने भए त जे पनि गर्न तत्पर छु नि ।'

'त्यसो हो भने सुन्नु होस् । उपाय सजिलो भए पनि पूरा गर्न गाह्रो छ किनभने यसका लागि भगवान्लाई नै कसैको हातमा दान दिएर पठाउनु पर्छ ।'

'दान दिएर पठाउनु पर्छ ?'

'हो माताजी !'

'दान दिएपछि दान पाउनेले नै लिएर गए भने नि ?'

'लाँदैनन् ।'

'कसरी भन्न सक्नुहुन्छ त्यस्तो ?'

'जसले दान लिन्छ ऊसँग निग्रह दिएर आफैँले खरिद गरे भइहाल्यो नि ।'

'यसको अर्थ दान लिनेसँग किन्ने भन्न खोज्नु भएको ?'

'हो त्यसै भन्न खोजेको हुँ ।'

'उसले बेच्दिन भन्यो भने ?'

'भन्दैन पैसा पैसा पाएपछि । पैसा देखेपछि महादेवको त तीन नेत्र खुल्छ भन्छन् जाबो मनुवा । आखिर कृष्णलाई लगेर के गर्ने उनले । न खान मिल्छ न लगाउन ।'



नारदजीको कुरा सुनेर सत्यभामाको चित्त बुझ्यो । उनी दान लिने मानिस खोज्न थालिन् तर कतै पनि भेटिनन् । भगवान् कृष्णलाई दान लिन कोही पनि तत्पर भएनन् । त्यसपछि पुनः नारदलाई नै बोलाएर समस्या बताइन् । त्यसपछि नारदजीले मुस्कुराउँदै भने–

'दान लिन त केही थिएन मै लिई दिन्थेँ तर एउटा सर्त छ ।'

'सर्त छ ?'

'हो माताजी ! सर्त छ ।'

'के सर्त हो भन्नुस् न ।'

'सक्नुहुन्छ ?'

'किन नसक्ने भनेर त हेर्नुस् ।'

'पहिले मलाई दान दिनुस् । त्यसपछि भगवान् कृष्ण मेरा हुने छन् । अनि उहाँको तौल बराबरको सुनचाँदी मलाई दिनुहोस् कृष्ण तपाईंलाई नै फिर्ता दिने छु ।'

त्यसपछि सत्यभामाले भगवान् कृष्णलाई नारदको हातमा दान दिइन् । कृष्ण नारदको पछि लागे । यस्तो देखेर सत्यभामाले रोक्दै भनिन्–

'ए पर्खनुस् । सर्त अनुसार सुनचाँदी लिएर कृष्ण मलाई दिनु होस् ।'

'यसमा नारदजी सहमत नहुने कुरै थिएन किन कि सर्त नै त्यस्तै थियो । सत्यभामा तुलोमा एकापटी र कृष्ण र अर्कोपट्टि सुनचाँदी राखेर जोख्न लागिन् तर भइदियो के भने भएभरको सुनचाँदीले पनि पुगेन । जति थपे पनि कृष्णको बराबर भएन, हुन सकेन । अब माता सत्यभामालाई आपत् पर्‍यो तर गर्ने के । निकै अबेर भइसकेको थियो । त्यसपछि माता रुक्मिणीको शरणमा परी हारगुहार गर्न लागिन्, जसलाई यसअघि आफूभन्दा नराम्री ठानेर भाउ दिएकी थिइनन् ।

उनको कुरा सुन्नासाथ माता रुक्मिणीले बुझिहालिन् । त्यसैले मुसुक्क हाँस्दै भनिन्–

'धत् लाटी ! तिमी पनि कति सुधी । भगवान्लाई अहिलेसम्म कसैले सम्पत्तिसँग तौल्न सकेका छन् र तिमीले सक्छ्यौ ? उनलाई खुसी पार्न कुनै सुनचाँदीले सक्दैन बुझ्यौ ? यसका लागि त उनकै सबैभन्दा प्रिय वस्तुको आवश्यकता पर्छ । आऊ त्यतै लागौँ ।'

यति भनेर उनले सत्यभामालाई लिएर गइन् र तराजुमा एउटा तुलसी पत्ता राखिदिइन् । त्यसपछि सुनचाँदीको आवश्यकता नै परेन । सोही एक पत्ता तुलसीले नै भगवान्को तौल पूरा गरिदियो । त्यस दिनदेखि सत्यभामाले कहिले पनि त्यस्तो घमन्ड गरिनन् ।

यस पौराणिक कथामा के कति सत्यता छ त्यो व्यासजी नै जानून् तर घमन्ड र अहङ्कारको नतिजा जहाँ पनि यस्तै हुने कुरा भने सत्य हो । ■

## कविता

# दसैँ

दसैँ आयो, दसैँ आयो
चङ्गा उडाएर रमाइलो गरौँला ।

मिठो मिठो खाऔँला
दसैँमा हासौँला ।

दसैँ आयो, दसैँ आयो
नयाँ लुगा लगाउँला ।

दसैँमा घर जाऔँला
दसैँमा हासौँला ।

दसैँ आयो, दसैँ आयो
छमछम नाचौँला ।

सबैले रमाइलो गरौँला
दसैँमा हासौँला ।



आरङ्गी श्रेष्ठ
*लिटिल एन्जल्स स्कुल,*
*हात्तीवन, ललितपुर*

## 'कसले धेरै शब्द बनाउने ?' प्रतियोगिता - ७५

यसपटकको प्रतियोगिताका लागि **'नवीकरण'** शब्द प्रस्तुत गरिएको छ । यस शब्दबाट बढीभन्दा बढी शुद्ध शब्द बनाएर पठाउनुहोला र पुरस्कार जित्नुहोला ।

### 'कसले धेरै शब्द बनाउने ?' प्रतियोगिता- ७३ को परिणाम

असार महिनाको 'कसले धेरै शब्द बनाउने ?' प्रतियोगितामा प्रस्तुत गरिएको 'विशालबजार' शब्दबाट सबैभन्दा बढी शब्द बनाएर विजयी हुनुभएका सहभागी हुनुहुन्छ :

नाम : अनुपमा नगरकोटी
कक्षाः ९
विद्यालय : तरुण मा.वि.
ठेगाना : बालाजु, काठमाडौँ ।

### नियम

१. यस प्रतियोगितामा सहभागीले आफूले तयार गरेका शब्द र तिनीहरूका अर्थ लेखिएको पाना संलग्न गरेर पठाउनुपर्नेछ ।
२. प्रस्तुत गरिएको शब्दमा नभएका अक्षर नयाँ शब्दमा प्रयोग गर्न पाइने छैन । प्रयोग गरिएमा प्रतियोगितामा समावेश गराइने छैन ।
३. यसमा कक्षा १० सम्मका विद्यार्थी मात्र सहभागी हुन पाउनुहुनेछ ।
४. सबैभन्दा बढी शुद्ध शब्द पठाउनुहुने एक जनालाई पुरस्कृत गरिनेछ ।

**'कसले धेरै शब्द बनाउने ?' प्रतियोगिता-७५ को समाधान २०८० साल कात्तिक ५ गतेसम्ममा मुना मासिकको कार्यालयमा आइपुग्नुपर्नेछ ।**

# सुडोकु प्रतियोगिता - ७५

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | | | | ३ | | | ४ | |
| | ३ | | ६ | | | | | ७ |
| | | ९ | | | ७ | १ | | ८ |
| | | ४ | | ७ | २ | ३ | ७ | |
| | २ | ५ | | ८ | १ | ९ | | |
| १ | | ३ | | | ६ | | | ५ |
| | | | | २ | | ४ | | |
| ४ | | ६ | ८ | | | | ७ | |
| ५ | | | ९ | | | ३ | | |

नाम : ................................................

कक्षा : ...............

विद्यालय : .......................................

ठेगाना : ..........................................

## सुडोकु प्रतियोगिताका नियम :

१. यस प्रतियोगितामा सहभागी हुन कुपन भरेर पठाउनु पर्नेछ ।
२. कक्षा १० सम्मका विद्यार्थी मात्र यसमा सहभागी हुन पाउनुहुनेछ ।
३. खाली कोठामा १ देखि ९ अङ्क मात्र भर्नुपर्नेछ ।
४. कुनै पनि कोठा र हरफमा अङ्क दोहोरिनु हुँदैन ।
५. केरमेट गरिएको कुपनलाई मान्यता दिइने छैन ।
६. कुपन २०८० साल कात्तिक ५ गतेभित्र आइपुग्नुपर्नेछ ।

## सुडोकु प्रतियोगिता-७३ को समाधान

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३ | ७ | ४ | ८ | २ | ६ | ५ | ९ |
| ८ | ५ | ९ | ६ | ७ | १ | ३ | २ | ४ |
| ६ | २ | ४ | ५ | ९ | ३ | ७ | ८ | १ |
| २ | ९ | ६ | १ | ५ | ४ | ८ | ३ | ७ |
| ३ | ४ | ८ | २ | ६ | ७ | १ | ९ | ५ |
| ७ | १ | ५ | ९ | ३ | ८ | ४ | ६ | २ |
| ९ | ६ | ३ | ७ | ४ | ५ | २ | १ | ८ |
| ४ | ८ | १ | ३ | २ | ९ | ५ | ७ | ६ |
| ५ | ७ | २ | ८ | १ | ६ | ९ | ४ | ३ |

साउन महिनाको सुडोकु प्रतियोगिताको सही समाधान पठाउनुहुने सहभागीमध्ये गोलाप्रथाबाट विजयी तीनजनाको नाम ठेगाना तल दिइएको छ :

१. **सम्पूर्ण ज्ञवाली**
   कक्षाः ७, परापकार मा.वि., भीमसेनस्थान ।
२. **सजल बज्राचार्य**
   कक्षाः ६, नवोदीप एकेडेमी, चावहिल ।
३. **अर्पणा पौडेल**
   कक्षाः ८, बालउद्धार एकेडेमी, कपन ।

**पुरस्कारका लागि मुना मासिकको कार्यालयमा परिचयपत्रसहित सम्पर्क राख्नुहुन विजयी सहभागीलाई अनुरोध छ ।**

# बालप्रतिभामा भाग लिन अनुरोध

(१) मुना मासिकमा भदौ महिनामा प्रकाशित हुने बालप्रतिभाका लागि '**चाड पर्व र भेटघाट**' विषय छनोट गरिएको छ । यसबारे आफ्नो विचार पठाउनुहोला ।
(२) यस स्तम्भमा कक्षा १० सम्मका विद्यार्थीले भाग लिन सक्नुहुनेछ ।
(३) विचार बढीमा एक सय शब्दको हुनुपर्नेछ ।
(४) विचारका साथमा आफ्नो तस्बिर पनि पठाउनुहोला ।
(५) बालप्रतिभा २०८० साल कात्तिक ५ गतेसम्म मुना मासिकको कार्यालयमा आइसक्नुपर्नेछ ।

अन्त्यमा

# अहिलेको संविधान 'यसरी बुझौं'



■ भक्तबहादुर थापा

यो संविधान आउनुमा २०६३ सालको लोकतान्त्रिक आन्दोलनको भावनालाई समेटेर ल्याइएको एकातिरको आधार छ भने अर्कोतिर नेपाली जनताले मतदान गरेर चुनेका प्रतिनिधिले बनाएका हुन् । जसलाई हामी संविधान सभा भनेर जान्दछौँ ।

असोजको महिना । यस महिनाको ३ गते । हामी नेपालीले सम्झनै पर्ने दिन । उत्सुकता जाग्न सक्छ, किन सम्झने त ? विशेष गरेर हामी नेपालीले देशमा लोकतान्त्रिक संविधान आएको दिन भनेर सम्झने गर्दछौँ । नेपाली क्यालेन्डर पल्टाउँदै जाँदा असोज महिनाको ३ गतेको दिनलाई संविधान आएको दिनका रूपमा पाउने गर्दछौँ । यो दिनलाई हामी भव्य रूपमा मनाउने पनि गर्दछौँ । हुनत यसअघि अरू पनि संविधान आएका दिन छन् । ती पहिलाका संविधान विस्थापन भएका छन् । अहिलेको पछिल्लो र कार्यान्वयनमा छ । अनि यस संविधानलाई भने हामी अलिक फरक रूपमा पनि लिने गर्दछौँ । खासगरी अहिलेको संविधान २०७२ सालमा आएको हो । र यो संविधान त्यसअघि बनेका भन्दा फरक विशेषता बोकेको छ र फरक रूपमा लिन्छौँ पनि । अब हामीलाई यहाँनेर जिज्ञासा हुन सक्छ फरक के त ? भनेर । त्यसअघि संविधान निर्माण हुँदा त्यति बेलाको सरकारमा जो हुन्छ उनीहरूले विज्ञको समिति बनाएर निर्माण गर्थे त्यही रूपमा जारी गरिन्थ्यो । कार्यान्वयनमा आउँथ्यो । यो अहिलेको संविधान बनाउन भने फरक प्रक्रिया अपनाइएको छ ।

यो संविधान आउनुमा २०६३ सालको लोकतान्त्रिक आन्दोलनको भावनालाई समेटेर ल्याइएको एकातिरको आधार छ भने अर्कोतिर नेपाली जनताले मतदान गरेर चुनेका प्रतिनिधिले बनाएका हुन् । जसलाई हामी संविधान सभा भनेर जान्दछौँ । त्यही संविधान सभाले नै यो संविधान निर्माण गरेकाले सरसर्ती हेर्दा अहिलेको २०७२ को संविधानलाई चाहिँ नेपाली जनताको भनेर 'लिगेसी' छ । र, यही कारण पनि हामी फरक रूपमा लिने गर्दछौँ ।

हुनतः हामीकहाँ जनताको संविधान भनेर 'लिगेसी' लिन करिब सात दशकको सङ्घर्षपूर्ण पहल थियो । २००७ सालमा प्रजातन्त्र आएको दिनपछि नै नेपाली जनता आफैँले आफ्नो संविधान बनाउन प्रयासरत थियो । यस अवधिमा राजनीतिक वृत्तमा फरक खालका उतारचढाव आयो । जसले गर्दा सफलता मिलेन ।

दशकौँको निरन्तर सङ्घर्षपछि २०६२/६३ सालमा सात राजनीतिक दल र जनयुद्ध गरिरहेको माओवादी अनि नागरिक एक ठाउँ भए । र उनीहरूबिचको संयुक्त शक्ति बन्यो । जसको नेतृत्व नेपाली कांग्रेसका नेता गिरिजाप्रसाद कोइरालाले गरे । त्यही शक्तिले २०६२/६३ सालमा लोकतान्त्रिक आन्दोलन गर्‍यो । यही आन्दोलनको सफलतापछि जनताको सरकार बन्यो । त्यसपछि बनेको सरकारले संविधान सभाको निर्वाचन गरायो । सो निर्वाचनमा जनताका प्रतिनिधि चुनिएर आए । तिनै नेपाली जनताले चुनेका प्रतिनिधिमार्फत संविधान बन्यो । यही संविधानलाई हामी हाम्रो देशमा जनताद्वारा निर्माण गरिएको नेपालको पहिलो संविधान भनेर बुझ्ने गर्दछौँ ।

नेपाली जनताले चुनेका प्रतिनिधि अर्थात् संविधान सभाले निर्माण गरेको नेपालको संविधान २०७२ साल असोज ३ गते जारी भएको हो । यसलाई हामी– 'जनताको संविधान' भन्ने गरिन्छ । त्यो संविधान जारी भएको आठौँ वर्ष पूरा भएको छ । यही संविधान अनुसार अहिले सङ्घीय, प्रदेश र स्थानीय सरकार बनेका छन् । यिनै सरकारमार्फत जनताले सेवा पाइरहेका छन् । हामी नेपाली क्यालेन्डर पल्टाउँदै जाँदा आउने असोजलाई संविधान आएको महिनाका रूपमा सम्झने गर्दछौँ । जनताले बनाएको यो नेपालको संविधानले आठ वर्ष पूरा गरेको छ । सोही अवसरमा मुना बाल पत्रिकाले सबै नेपाली जनतालाई हार्दिक शुभकामना व्यक्त गर्दछ । ■